## परिच्छेदः एक

# विषय प्रवेश

### १.१. पृष्ठभूमि
सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी अहिले समग्र विश्वको चासोको विषय बनेको छ। भूमिगत अर्थतन्त्रले विश्वव्यापी वित्तीय संरचनामा पार्ने असरको वजन बढिरहेको सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणमा सबैको ध्यान केन्द्रित भएको हो। सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी आपराधिक सञ्जालको भूगोल सीमाविहिन हुने भएकोले पनि यो कुनै एउटा मुलुकको मात्र नभएर अन्तर्राष्ट्रिय साझा समस्याका रुपमा हेरिन थालिएको छ।

सम्पत्ति शुद्धीकरण (Money Laundering) भन्नाले गैर कानूनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानूनी स्रोतबाट प्राप्त भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोवार छल्ने कार्यलाई बुझिन्छ। सामान्यतयाः कानूनत वर्जित उपायहरु अवलम्वन गरी कमाएको कुनै पनि आम्दानीलाई विभिन्न बाहानामा बदलेर चोख्याउने वा शुद्ध पार्ने वा कानूनी रुपमा योग्य बनाउने प्रयासलाई सम्पत्ति शुद्धीकरण भनिन्छ। सम्पत्ति शुद्धीकरण राज्य संयन्त्रको दुरुपयोग गरी विभिन्न जटिल एवं बहुचक्रीय प्रक्रिया अवलम्वन गरी गर्ने गरेको समेत पाइन्छ। त्यसैगरी सम्पत्ति शुद्धीकरण निवारण भन्नाले गैर कानूनी कार्यबाट आर्जित धन सम्पत्ति पहिचान गर्ने, कारवाही गर्ने र त्यस्ता आर्जन नियन्त्रण गर्ने एकीकृत प्रणालीलाई बुझिन्छ।

विश्वव्यापी मान्यता अनुरुप व्यक्तिगत वा सांगठनिक रुपमा हुने आतङ्कवादी क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने कार्यलाई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी (Terrorist Financing) को रुपमा बुझिन्छ। निश्चित क्षेत्र, वर्ग वा मुलुकमा मात्र सिमित नरहने यस्ता अपराधले राज्यको समग्र कानूनी, वित्तीय तथा सुरक्षा प्रणालीलाई कमजोर बनाई अपराध र अपराधीलाई शक्तिशाली बन्न थप मद्दत पुऱ्याउँछ। यस्ता अपराधिक क्रियाकलापले मुलुकको वित्तीय प्रणालीको स्वरुप, अस्तित्व, साख, सन्तुलन तथा विकासमा नकारात्मक असर पुऱ्याई अन्ततः विश्व वित्तीय प्रणालीमा समेत गम्भीर असर पुऱ्याउँछ। सम्पत्ति शुद्धीकरण एवं आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको प्रभावकारी रुपमा नियन्त्रण नभएसम्म मुलुकमा स्थिरता, स्थायित्व, विकास, समृद्धि तथा समुन्नतिको मार्ग तय गर्न कठिन हुने भएकोले विश्वका अधिकांश मुलुकहरुले यस सम्वन्धमा कानूनी तथा नीतिगत, संरचनागत तथा अनुसन्धानगत व्यवस्था गरि यस्ता अपराधहरुको नियन्त्रण एवं निवारणका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक लगायतका सबै उपायहरु अवलम्वन गर्ने गरेका छन्।

बिषयगत गाम्भीर्यतालाई मनन गर्दै सम्पत्ति शुद्धीकरण एवं आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्न अन्तर्राष्ट्रिय क्षेत्रबाट थुप्रै प्रयासहरु हुँदै आएका छन। यसै सन्दर्भमा गठन भएको वित्तीय कार्यवाही कार्यदल (Financial Action Task Force-FATF) ले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी मार्गदर्शनका रुपमा ४० वटा मापदण्डहरु सिफारिस गरेको छ। एशिया प्रशान्त क्षेत्रका मुलुकहरुबीच सम्पत्ति शुद्धीकरण एवं आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी कार्यमा साझा अवधारणा विकास गरी ऐक्यवद्ध भई कार्यवाही अगाडि बढाउन सहज गराउने उद्धेश्यले एशिया प्रशान्त क्षेत्र समूह (Asia Pacific Group- APG)) को स्थापना गरिएको छ। सयुंक्त राष्ट्र संघको तत्वावधानमा लागू औषध नियन्त्रण, आतङ्कवाद नियन्त्रण, भ्रष्टाचार निवारण, सङ्गठित अपराध नियन्त्रण लगायतका विभिन्न महासन्धिहरु सम्पन्न भएका छन। दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनस्तरमा समेत लागू औषध नियन्त्रण तथा आतङ्कवादको दमनका सम्वन्धमा क्षेत्रीय महासन्धिहरुको व्यवस्था गरिएको छ। त्यसैगरी बैङ्किङ्ग, वीमा, धितोपत्रसम्वन्धी क्षेत्रगत अन्तर्राष्ट्रिय निकायहरुले समेत उल्लिखित अपराधहरु नियन्त्रण गर्न विभिन्न मापदण्डहरुको विकास गरेका छन्।

हाम्रो मुलुक पनि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी अपराधजन्य गतिविधिबाट मुक्त नभएकोले यसको निवारणका सम्वन्धमा कानूनी तथा नीतिगत, संरचनागत लगायतका विभिन्न प्रयासहरु भएका छन्। यसै सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी कसूर निवारण गर्न सम्पत्ति शुद्धीकरण (मनी

लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०७३, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना, २०६८-२०७३ आदि तर्जुमा भई लागू भएका छन् । यी नीतिगत तथा कानूनी प्रावधानहरुको कार्यान्वयन तथा यी प्रावधानहरुले व्याख्या गरेका अपराधसँग सम्वन्धित कसूरहरुको अनुसन्धान गर्नका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग (२०६८) गठन भएको छ । वित्तीय अपराधको सूचना व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकमा वित्तीय जानकारी इकाईको गठन गरिएको छ । आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्वन्धी कार्यमा गृह मन्त्रालयलाई समेत जिम्मेवार बनाइएको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी गतिविधिमा अन्तर्राष्ट्रिय निकायहरुसँग साझेदारी गर्ने समेत प्रवन्ध मिलाइएको छ । यसैक्रममा नेपाल सयुंक्त राष्ट्र संघको लागु औषध नियन्त्रण, आतङ्कवादमा वित्तीय लगानी नियन्त्रण, भ्रष्टाचार निवारण, सङ्गठित अपराध नियन्त्रण सम्वन्धी महासन्धिहरुको पक्ष राष्ट्र भएको छ भने सार्क क्षेत्रीयस्तरमा समेत लागु औषध तथा आतङ्कवाद नियन्त्रण सम्वन्धी क्षेत्रीय महासन्धिहरुको पक्ष राष्ट्र बनिसकेको छ ।

## १.२ विभागको गठन :

### १.२.१ विभागको स्थापना

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ नेपालमा मिति २०६४ माघ १४ गतेदेखि लागू भएपश्चात् ऐनमा भएको व्यवस्था एवं सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान तहकिकात गर्न नेपाल राजपत्रमा मिति २०६५।४।२० मा प्रकाशित सूचनाबाट राजस्व अनुसन्धान विभागलाई कार्यान्वयन निकाय तोकिएको थियो । यसै बीचमा मिति २०६६ आश्विन २६ गतेदेखि लागू गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०६६ लागू भईसके पश्चात समेत सोही विभागबाटै ऐन तथा नियमावली कार्यान्वयन भएको थियो । तथापि, राजस्व अनुसन्धान विभागबाट राजस्व चुहावट नियन्त्रण ऐन लगायत भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन र अन्तशुल्क ऐन समेतको कार्यान्वयन गरी राजस्व चुहावट नियन्त्रणको प्रमुख कार्यभार निर्वाह गरिरहेको अवस्थामा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी कार्य समेत गर्नु पर्दा कार्यबोझका कारण सो विभागको कार्यसञ्चालनको प्रभावकारतामा असर पर्ने ठानी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ११ बमोजिम नेपाल सरकारको २०६८।०३।०१ को निर्णयानुसार अर्थ मन्त्रालय अन्तर्गत रहने गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएको हो । मिति २०७४/११/११ को नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार हाल यो विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको विद्यमान संगठन संरचना नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरि कायम भएको छ । साविकमा महानिर्देशक, निर्देशक र अन्य गरी ७४ जना निजामती कर्मचारी तथा ६ जना प्रहरी कर्मचारी गरी ८० जना र सुरक्षा व्यवस्थाका लागि नेपाल प्रहरीको एक प्लाटुनको स्वीकृत दरबन्दी रहेकोमा हाल महानिर्देशक, उपमहानिर्देशक एक, निर्देशक दशसहित निजामती सेवाका अन्य कर्मचारी, प्रहरी उपरीक्षक एक र प्रहरी नायव उपरीक्षक एकसहित प्रहरी कर्मचारीहरु, प्रमुख अनुसन्धान अधिकृत एक सहित राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी समेत गरी ८२ जना र सुरक्षा व्यवस्थाको लागि सुरक्षा इकाईमा नेपाल प्रहरीको एक प्लाटून रहने गरी दरवन्दी व्यवस्था कायम भएको छ । यस किसिमको दरबन्दी व्यवस्थाबाट एक महाशाखा र सो अन्तर्गत अनुसन्धान शाखा छ वटा, प्रशासन शाखा, नीति, योजना तथा अनुगमन शाखा, कानूनी परामर्श शाखा, सूचना संकलन कक्ष, Intelligence Unit, सूचना तथा अभिलेख व्यवस्थापन शाखा आर्थिक प्रशासन इकाई, सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन इकाई, मुद्दा तयारी इकाई सहितको संगठन संरचना रहेको छ ।

### १.२.२ दीर्घकालीन सोच (Vision)

"सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीमुक्त समाज निर्माण गर्न प्रभावकारी भूमिका निर्वाह गर्नु" ।

### १.२.३ ध्येय (Mission)

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी कसूरको रोकथामको लागि आवश्यक कानूनी, संरचनागत, प्रक्रियागत र कार्यान्वयनगत व्यवस्था गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप राज्यको कानूनी, वित्तीय तथा

सुरक्षा प्रणालीलाई थप सक्षम र सुदृढ बनाउन सम्बद्ध क्षेत्रसँग मिलेर काम गर्ने तथा खास गरेर यस सम्बन्धी अनुसन्धान तथा तहकिकात कार्य प्रभावकारी रुपमा सम्पादन गर्ने ।

**१.२.४ उद्देश्य (Objective)**

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी कसूरको रोकथाम, नियन्त्रण र अनुसन्धान सम्वन्धी कार्य प्रभावकारी रुपमा सम्पादन गर्नु यस विभागको मुख्य उद्धेश्य रहेको छ ।

**१.२.५ प्रमुख कार्यहरु (Major Functions)**

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ तथा नियमावली, २०७३ र प्रचलित नेपाल कानूनले तोकिए बमोजिम सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रमुख कार्यहरु निम्नानुसार रहेका छन् ।

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको कसूरको अनुसन्धान सम्वन्धी कार्य सम्पादन गर्ने ,
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी कसूरको अनुसन्धानका लागि समन्वयात्मक तथा प्रभावकारी संयन्त्र र उपायको अवलम्बन गर्ने ,
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी कसूरसँग सम्बन्धित सम्पत्तिको पहिचान, रोक्का तथा जफत गर्ने उपयुक्त संयन्त्र, प्रक्रिया तथा उपकरणको व्यवस्था गर्ने ,
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्बन्धी कसूरको प्रभावकारी रुपमा अनुसन्धान गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको कार्यविधि तयार गरी लागू गर्ने ,
- अन्तर्देशीय रुपमा हुन सक्ने अवैध सम्पत्तिको ओसार पसार वा कारोबारको पहिचान, रोक्का, जफत तथा सोको सूचना सम्बद्ध निकायबीच प्रवाह हुने उपयुक्त व्यवस्था गर्ने ,
- कसूरको प्रकृति अनुसार आवश्यक भएमा अन्य सम्बन्धित निकाय वा क्षेत्रका विशेषज्ञ समेत रहने गरी संयुक्त अनुसन्धान टोली गठन गरी कार्य सम्पादन गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी कसूरको अनुसन्धान गर्ने जनशक्तिको व्यावसायिक दक्षता तथा क्षमता अभिवृद्धि गर्ने कार्य गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी र सम्बद्ध कसूरको रोकथामको लागि आवश्यक कानूनी, संरचनागत, प्रक्रियागत र कार्यान्वयनगत व्यवस्था गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप राज्यको कानूनी, वित्तीय तथा सुरक्षा प्रणालीलाई थप सक्षम र सुदृढ बनाउन सम्बद्ध क्षेत्र (AML/CFT Regime) सँग मिलेर नियन्त्रण सम्बन्धी रणनीति तथा कार्ययोजनामा तोकिएका काम गर्न/गराउन मद्दत गर्ने ।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट गर्नु पर्ने प्रक्रियात्मक कार्यका लागि देहायको कार्य गर्नेः
    - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी उजुरी, सूचना एवं जानकारी प्राप्त गर्ने,
    - प्राप्त लिखित सूचना र शंकास्पद कारोवारको आधारमा त्यस्तो सूचनाको अभिलेख राख्ने, खानतलासी गर्ने, कागजात कब्जा गर्ने, खाता रोक्का गर्ने, सम्पत्ति रोक्का गर्ने र अभियुक्त पक्राउ गर्ने,
    - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी सम्वन्धी प्राप्त उजुरी, सूचना एवं जानकारीका सम्वन्धमा प्रारम्भिक जाँचबुझ अधिकृत तोक्ने र जाँचबुझ सम्वन्धी कार्य गर्ने गराउने,
    - सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीसम्बन्धी कसूरको अनुसन्धान गर्न विभागका अधिकृत, अन्य सरकारी अधिकृत वा सार्वजनिक संस्थानका अधिकृत कर्मचारीलाई क्षमता र विशेषज्ञताको आधारमा अनुसन्धान अधिकृत तोक्ने र अनुसन्धान सम्वन्धी कार्य गर्ने गराउने,
    - अनुसन्धान सम्वन्धी कार्य सम्पन्न भएपछि कसूर देखिएमा सम्वन्धित सरकारी वकिल कार्यालयको निर्णय मुताविक विशेष अदालत समक्ष अभियोजन पत्र दायर गर्ने,

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारण गर्न सचेतना अभिवृद्धि गर्ने,
- प्रचलित कानून बमोजिम विभागले गर्ने गरी तोकिएका अन्य कार्यहरु गर्ने ।

## १.३ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण क्षेत्रमा संलग्न निकायहरु

### १. ३.१ कानुन कार्यान्वयन निकायहरु (LEAs- Law Enforcement Agencies)

क) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
ख) राजस्व अनुसन्धान विभाग तथा अन्तर्गतका निकायहरु
ग) आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका निकायहरु
घ) भन्सार विभाग तथा अन्तर्गतका निकायहरु
ङ) नेपाल प्रहरी अन्तर्गत अनुसन्धानमा संलग्न हुने प्रहरीका Unit तथा कार्यालयहरु, जस्तै: जिल्ला प्रहरी कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, लागु औषध नियन्त्रण ब्युरो आदि ।
च) अख्तियार दुरुपयोग अनुसन्धान आयोग
छ) वन विभाग
ज) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
झ) वैदेशिक रोजगार विभाग

### १.३.२. सूचक संस्थाहरु

क) वित्तीय क्षेत्रका सूचक संस्थाहरु, जस्तै: बैंक, धितोपत्र सम्बन्धी कारोबार गर्ने संस्था/कम्पनीहरु, विमा कम्पनीहरु, सहकारी संस्थाहरु, हुलाक बचत बैंक, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, स्वीकृत अवकाश कोष आदि ।

ख) गैर-वित्तीय क्षेत्रका सूचक संस्थाहरु, जस्तै: क्यासिनो, घर जग्गा व्यवसायी, बहुमूल्य धातुको कारोबार गर्ने व्यवसायी, लेखापरीक्षकहरु, नोटरी पब्लिक, कम्पनी वा ट्रष्ट सेवा प्रदायक, कानुन व्यवसायी आदि।

### १.३.३. वित्तीय जानकारी इकाई (FIU)

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ ले नेपालमा वित्तीय सूचना संकलन गर्ने कार्यका लागि नेपाल राष्ट्र बैंकमा एउटा स्वायत्त र स्वतन्त्र वित्तीय जानकारी इकाई रहने व्यवस्था गरेको छ । यसले सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्वद्ध कसूर सम्वन्धी शंकास्पद कारोवार सम्वन्धी प्रतिवेदन तथा सो सम्वन्धी अन्य सूचना एवं जानकारी संकलन, प्रशोधन एवं विश्लेषण गर्ने तथा सोको निष्कर्षप्रवाह गर्ने कार्य गर्दछ । यस इकाईको प्रमुख नेपाल राष्ट्र बैंकको प्रथम श्रेणीको अधिकृतहरु मध्येबाट गभर्नरले नियुक्त गर्ने प्रावधान रहेको छ भने यसको कार्यालय नेपाल राष्ट्र बैंकमा रहने र अन्य आवश्यक कर्मचारीको व्यवस्था समेत सोही बैंक बाट नै गरिने व्यवस्था गरिएको छ ।

### १.३.४. नियमनकारी निकायहरु

क) वित्तीय क्षेत्रका नियमनकारी निकायहरु जस्तै: नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा समिति, सहकारी विभाग आदि ।

ख) गैर-वित्तीय क्षेत्रतर्फका नियमनकारी निकायहरु – संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय( क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी), आन्तरिक राजश्व विभाग (घरजग्गा खरिद बिक्री व्यवसायी), नोटरी पब्लिक परिषद् (नोटरी पब्लिक), नेपाल चार्टर्ड एकाउन्टेण्टस् संस्था (लेखापरीक्षक तथा लेखा व्यवसायी), कम्पनी रजिष्ट्रारको कार्यालय (कम्पनी वा ट्रष्ट सेवा प्रदायक), नेपाल कानुन व्यवसायी परिषद् (कानुन व्यवसायी) आदि ।

#### १.३.५. Other Competent Authorities (अन्य सम्बन्धित निकायहरु)

क) उद्योग विभाग
ख) घरेलु तथा साना उद्योग विभाग
ग) वाणिज्य विभाग
घ) कम्पनी रजिष्ट्रारको कार्यालय
ङ) भूमिसुधार तथा व्यवस्थापन विभाग
च) यातायात व्यवस्था विभाग
छ) समाज कल्याण परिषद्
ज) विशेष सरकारी वकीलको कार्यालय
झ) विशेष अदालत

## १.४ अन्तर्राष्ट्रिय साझेदार निकायहरु

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लगानी निवारणका लागि आवश्यक कार्य गर्ने अन्तर्राष्ट्रिय एवं क्षेत्रीय स्तरमा समेत विभिन्न निकायहरु गठन गरी सञ्चालन गरिएका छन् । ती मध्ये वित्तीय कारवाही कार्यदल (FATF), एशिया प्रशान्त क्षेत्र समूह (APG) र एगमण्ट समूह (Egmont Group) को बारेमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

### १.४.१ वित्तीय कारवाही कार्यदल (Financial Action Task Force-FATF)

सन् १९८९ मा सात प्रमुख औद्योगिक राष्ट्रहरुको समूह (G-7) र युरेपेली सघंको संयुक्त प्रयासबाट सम्पत्ति शुद्धीकरण निवारण गर्ने उद्देश्यले अन्तराष्ट्रिय सहयोग तथा सहकार्य प्रवर्द्धन गर्ने गरी स्थापना भएको अन्तरसरकारी वित्तीय कारवाही कार्यदल (एफएटीएफ) सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तर्राष्ट्रिय छाता संस्था हो । यसको मुख्यालय फ्रान्सको पेरिसमा छ । वित्तीय कारवाही कार्यदलले पारित गरेका ४० वटा सिफारिसका आधारमा सम्पत्ति शुद्धीकरण र आतङ्कबादी कार्यमा हुने वित्तीय लगानीलाई अपराधीकरण गर्न, सो को कानूनी व्यवस्था र तीनको कार्यान्वयन गर्ने गराउने कार्यमा सुनिश्चितता प्रदान गर्ने कार्य गर्दै आएको छ । विश्वव्यापी रुपमा हुने सम्पत्ति शद्धीकरण कार्यहरुको पहिचान गर्ने तथा तिनको निरोध गरी प्रभावकारी कार्यान्वयन गर्ने गराउने क्षेत्रमा वित्तीय कारवाही कार्यदल क्रियाशील रहेको छ ।

### १.४.२ एशिया प्रशान्त क्षेत्र समूह (Asia Pacific Group on Money Laundering-APG)

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विभिन्न महादेशमा क्षेत्रीय संस्थाहरु क्रियाशील रहेका छन । तीमध्ये अष्ट्रेलियाको सिड्नीमा मुख्य कार्यालय रहेको एशिया प्रशान्त क्षेत्र समूह (APG) एशिया तथा प्रशान्त क्षेत्रमा कार्यरत छ । एशिया प्रशान्त क्षेत्र समूहमा हाल नेपाल लगायत ४१ राष्ट्र सदस्य छन् । यसले सदस्य राष्ट्रहरुको बीचमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सूचनाको सम्प्रेषण गर्नुको अतिरिक्त सहयोगको आदान प्रदान गर्ने र मानव संसाधन विकास गर्ने कार्यमा सघाउँछ । त्यसैगरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका मापदण्डहरु कार्यान्वयन गर्ने गराउने कार्यमा सघाउने कार्य पनि एशिया प्रशान्त क्षेत्र समूहले गर्दछ । यसले सदस्य राष्ट्रको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण कार्यान्वयनको सामूहिक समीक्षा गरेर सुधारका लागि सुझाव प्रदान गर्दछ ।

### १.४.३ एगमण्ट समूह (Egmont Group)

एगमण्ट समूह (Egmont Group) वित्तीय कार्यवाही कार्यदलका वा सम्पत्ति शुद्धीकरण निवारणमा क्रियाशील क्षेत्रीय संस्थाका सदस्य राष्ट्रहरूमा स्थापना गरिएका वित्तीय जानकारी इकाई (Financial Information Unit) हरूको साझा संगठन हो । यसले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वा हुनसक्ने वित्तीय सहयोगलाई दुरुत्साहन गर्ने उद्देश्यले त्यस्ता सूचनाहरूको संकलन, विश्लेषण, अन्तरदेशीय संप्रेषण र FIU हरूबीच सहयोगको आदान प्रदान गर्ने कार्य गर्दछ । FIU हरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा पनि एगमण्ट समूहले सहयोग आदान प्रदान गर्दछ । विश्वभरका FIU हरू यस समूहको सदस्य रहने व्यवस्था छ । नेपाल सन् २०१५ को जून महिनादेखि यस समूहको सदस्य रहेको छ ।

परिच्छेदः दुई

# विभागको सांगठनिक संरचना र जनशक्ति व्यवस्था

## २.१ मौजुदा संगठन संरचना

नेपाल सरकारबाट स्वीकृत संगठन संरचना अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नेतृत्व महानिर्देशक (रा.प.प्रथम, प्रशासन) ले गर्ने व्यवस्था रहेको छ। विभागमा उपमहानिर्देशक (रा.प.प्रथम, प्रशासन) को नेतृत्वमा प्रशासन, नीति योजना तथा अनुसन्धान महाशाखा रहेको छ।

प्रशासन, नीति योजना तथा अनुसन्धान महाशाखा अन्तर्गत निर्देशक (रा.प.द्वितीय) को नेतृत्वमा प्रशासन शाखा, कानूनी परामर्श शाखा, अनुसन्धान शाखा नं. १,२, ३, ४, ५ र ६, नीति, योजना तथा अनुगमन शाखा र प्रहरी उपरीक्षकको नेतृत्वमा प्रहरी शाखा रहेका छन। यी विभिन्न महाशाखा र शाखा अन्तर्गत निजामती तर्फ प्रशासन सेवाका सामान्य प्रशासन, राजस्व, लेखा र न्याय सेवा सरकारी वकिल समूह, विविध सेवाका सूचना प्रविधि निर्देशक, कम्प्युटर इन्जिनियर, कम्प्युटर अपरेटर एवम् श्रेणीविहिन हलुका सवारीचालक र कार्यालय सहयोगी कर्मचारीहरु गरी ६८ जना, नेपाल प्रहरीका ९ जना र राष्ट्रिय अनुसन्धान तर्फका ५ जना गरी जम्मा ८२ जना कर्मचारीको दरबन्दी रहेको छ। विभागको संगठन संरचनाको ढाँचा अनुसूची ४ मा उल्लेख गरिएको छ।

## २.२ कार्यविवरण

विभागका महानिर्देशक र उपमहानिर्देशक एवं शाखा प्रमुखहरुको कार्यविवरण देहायअनुसार छ।

### २.२.१ महानिर्देशकको कार्यविवरण

विभागका महानिर्देशकको कार्यविवरण देहाय अनुसार रहेको छ।

- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको समग्र प्रशासनिक, नीति योजना, रणनीति र वार्षिक कार्यक्रम र बजेट तथा अनुसन्धान सम्बन्धी कार्यहरुको रेखदेख सञ्चालन तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने, गराउने ,
- विभागमा प्राप्त उजुरीको प्रारम्भिक छानविन गरी अनुसन्धानको लागि अगाडि बढाउने वा नबढाउने निर्णय गर्ने ,
- सम्पत्ति शुद्धीकरण ऐनअर्न्तगतको कसूरको अनुसन्धान गर्ने वा अनुसन्धान अधिकृत तोकी अनुसन्धान तथा तहकिकात गराउने ,
- प्राप्त उजुरीमा आवश्यक देखेमा संयुक्त अनुसन्धान टोली गठन गर्ने व्यवस्था गर्ने ,
- मूल कसूर हेर्ने नियकासँग समानान्तर रुपमा सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान तहकिकात गर्ने गराउने व्यवस्था गर्ने,
- कसूरको सम्बन्धमा सम्बद्ध निकायलाई सम्बद्ध कागजात प्रमाण उपलव्ध गराउन आदेश दिने ,
- नेपाल सरकार अर्न्तगतका विभिन्न निकायहरु (मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान व्यूरो, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदि) तथा अन्तराष्ट्रिय क्षेत्रमा वित्तीय कारवाही कार्यदल तथा एशिया प्रशान्त क्षेत्रीय समूह र अन्य बहुपक्षीय सरोकारवाला निकायहरुसंग विभागले गर्ने गरी तोकिएका कार्यहरुमा समन्वय गर्ने ,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन तथा नियमावलीमा महानिर्देशक तथा विभागले गर्ने गरी तोकिएका कार्य गर्ने गराउने ,
- राष्ट्रिय समन्वय समिति र कार्यान्वन समितिको बैठकमा भाग लिने र अनुसन्धान उपसमितिको संयोजक भै कार्य गर्ने ,
- विभागका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरुको कार्यान्वयन गर्ने गराउने ,
- विभागबाट भएका कार्यहरुको प्रगति विवरणहरु तयार गर्न लगाउने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा वित्तीय कार्यवाही कार्यदलमा प्रस्तुतिको लागि तयार पार्न लगाउने ,

- अनुसन्धान अधिकृतद्वारा अनुसन्धान भई विशेष सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने गरी निर्णय भएका मुद्दाहरुको अभियोजन सम्बन्धी कार्य गर्ने/गराउने ,
- विज्ञ समूहबाट लिने सेवाको कार्य विवरण बनाउन लगाई विशेषज्ञ सेवा लिने ,
- निजामती सेवा ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित कानूनमा विभागीय प्रमुखले गर्ने गरी तोकिएका अन्य कार्यहरु गर्ने गराउने ,
- नेपाल सरकारबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

**२.२.२ महाशाखा एवं शाखाहरुको कार्यविवरण**

विभागको महाशाखागत र शाखागत कार्यविवरण देहाय अनुसार रहेको छ।

**क) प्रशासन, नीति, योजना तथा अनुसन्धान महाशाखा**

यस महाशाखाको कार्य विवरण देहायबमोजिम रहनेछ।

- विभागको सामान्य प्रशासन सम्बन्धी कार्य तथा महाशाखाअन्तर्गत हुने अनुसन्धान कार्यको रेखदेख, सञ्चालन तथा समन्वय सम्बन्धी कार्य,
- नेपाल सरकारले सुशासनको अनुभूति गराउन जारी गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन,
- विभागको आर्थिक प्रशासन सम्बन्धी कार्यको रेखदेख, सूचना तथा अभिलेख सम्बन्धी कार्यहरु,
- विभागको सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
- विभागको लागि आवश्यक पर्ने विज्ञ जनशक्ति तथा नियमित जनशक्ति विकास तथा व्यवस्थापनको योजना तर्जुमा कार्यान्वयन तथा समीक्षा र अनुगमन सम्बन्धी कार्य,
- कानूनी राय परामर्शको लागि समन्वय र मुद्दाको अभियोजना तथा प्रतिरक्षा सम्बन्धी कार्य,
- सम्पत्ति सुद्धीकरण नियन्त्रण सम्बन्धी प्रवर्द्धनात्मक कार्य,
- सम्पत्ति शुद्धीकरणको अनुसन्धान, तहकिकात कार्यमा प्रहरी परिचालन र विभागको सुरक्षा व्यवस्था सम्बन्धी कार्य,
- विभागको प्रशासनिक तथा अनुसन्धान सम्बन्धी कार्यमा अन्तर निकाय समन्वय तथा परिचालन सम्बन्धी कार्य,
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग अन्तर्गत यस महाशाखाबाट सम्पादन गर्ने गरी विभागबाट तोकिइ आएमा अनुसन्धान सम्बन्धी कार्यहरुमा महानिर्देशकको प्रत्यक्ष रेखदेखमा रही प्रारम्भिक छानविनको कार्य ,
- राज्यले सम्पत्ति शुद्धीकरण नियन्त्रणका बिषयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धताहरुका आधारमा विभागबाट सम्पादन हुने नीति, रणनीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, परिमार्जन तथा अनुगमन सम्बन्धी कार्य,
- विभागको यस महाशाखाअन्तर्गत हुने अनुसन्धान कार्यको रेखदेख, सञ्चालन तथा समन्वय सम्बन्धी कार्य,
- पारस्परिक मूल्याङ्कन सम्बन्धी कार्य,
- अन्तर निकाय समन्वय सम्बन्धी कार्य,
- वार्षिक योजना, कार्यक्रम तयारीको लागि मार्गदर्शन गर्ने र मन्त्रालय तथा राष्ट्रिय योजना आयोगबाट स्वीकृत गराउने कार्य,
- छानविन र अनुसन्धानको लागि पहिचान गरिएका विषयमा आवश्यकताबमोजिम, नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान व्युरो, राजश्व अनुसन्धान विभाग, मालपोत तथा अन्य सम्बद्ध विभाग वा नेपाल सरकारका अन्य निकायबाट बुझ्नु पर्ने बुझी आवश्यक अनुसन्धान कार्य,
- कागजात प्रमाण संकलन गर्दा सम्बन्धित शाखा र आवश्यकताअनुसार प्रहरी तर्फको टोली खटाउन आवश्यक देखेमा अर्को महाशाखासँग समन्वय गरी खटाउने कार्य,

- अनुसन्धान अधिकृतबाट तोकिएको शर्तको अधीनमा रही तोकिएको अवधि भित्र सम्पत्ति शुद्धीकरण ऐन, नियम र कार्यविधिको अनुसूचीमा उल्लेख भएबमोजिमको ढाँचामा प्रतिबेदन पेश गराउने कार्य ,
- अन्तराष्ट्रिय तथा क्षेत्रिय संगठानहरुलाई आवश्यक जानकारी विवरण तयार गर्ने ,
- वार्षिक कार्यक्रम तथा रणनीति-पत्रको कार्य प्रगति तयार गर्ने गराउने ।

तालिका नं. १.१ प्रशासन, नीति, योजना तथा अनुसन्धान महाशाखा अर्न्तगतका शाखाहरुको कार्यविवरण

| १. | प्रशासन शाखा |
|---|---|
| | • विभागको लागि आवश्यक जनशक्तिको दरबन्दी सृजना, नियुक्ति, बढुवा तथा स्तरवृद्धि, सरुवा, काज, दरबन्दी विवरण तथा कर्मचारी अभिलेख, कर्मचारीको तालिम, बिदा, पेन्सन, उपदान, अवकाश तथा विभागीय कार्यबाही सम्बन्धी कार्यहरु,<br>• विभागको संगठन संरचना र प्रशासन सुधारका कार्य,<br>• कर्मचारीको व्यक्तिगत तथा कार्य सम्पादन मूल्यांकन सम्बन्धी अभिलेख तथा व्यवस्थापन र बढुवाको लागि सचिवालय सम्बन्धी कार्य ,<br>• विज्ञ समूह छनौट तथा रोष्टर तयार पार्ने कार्य ,<br>• विभागको आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइ, भौतिक व्यवस्था, आन्तरिक कार्य, विभाजन, कर्मचारीको हाजिरी, रमाना, कार्यलयमा पालो पहरा र खटनपटन सम्बन्धी कार्य,<br>• कार्यालय भवन, उपकरण, परिसर, सवारी साधनको मर्मत संभार तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ,<br>• यस शाखालाई तोकिएको अनुसन्धान सम्बन्धी कार्य र अन्य शाखाहरुको काममा सहजीकरण गर्ने कार्य,<br>• प्रहरी शाखासंगको समन्वयमा कार्यालयको सुरक्षा सम्बन्धी कार्य,<br>• महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु । |
| | आर्थिक प्रशासन इकाई |
| | यस शाखाले प्रशासन महाशाखाको सामान्य रेखदेखमा रही देहायअनुसारका कार्यहरु सम्पादन गर्नेछ ।<br>• विभागको आर्थिक प्रशासनसम्बन्धी कार्य ,<br>• विभागको विनियोजित बजेटको खर्च, लेखाङ्कन तथा प्रतिबेदन र लेखापरीक्षण सम्बन्धी कार्य,<br>• तर्जुमा भएको बजेट कार्यान्वयन, बेरुजु फछयौट,<br>• आर्थिक प्रशासन राय सल्लाह, सुझाबका बिषयहरु ,<br>• राजस्व तथा धरौटी बुझने विनियोजित रकम खर्च गर्ने, आगामी बर्षो बजेट बनाउने कार्य,<br>• वेरुजुको प्रतिक्रिया/फछ्र्यौट/संपरिक्षण/लगत कट्टा गर्ने,<br>• धरौटी आम्दानी गर्ने र फुकुवा सम्बन्धी कार्य,<br>• बाषिर्क कार्यक्रम तथा बजेट तयार गर्ने कार्यमा सहयोग,<br>• महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु । |
| | सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन इकाई |

यस इकाईले प्रशासन शाखाको सामान्य रेखदेखमा रही देहायअनुसारका कार्यहरु सम्पादन गर्नेछ ।

- सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही विभागलाई आवश्यक पर्ने सामग्री तथा सेवाको बाषिर्क खरिद योजना, संस्थाहरु सूचीकृत गर्ने, छनौट गर्ने र खरिद प्रक्रिया अगाडि बढाउने कार्य,
- विभागको लागि अत्यावश्यक खरिद गर्नु पर्ने अवस्था भएमा त्यसरी गरिने खरिदको लागि आवश्यक संक्षिप्त कार्यविधिको तर्जुमा सम्बन्धी कार्य,
- विभागको जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्य,
- अनावश्यक भएका र पुराना सामानहरुको लिलाम विक्री सम्बन्धी कार्य,
- कार्यालय कोठाहरु र वरिपरिको सरसफाइ मर्मत सम्भार, धारा, वत्ती, टेलीफोन र अन्य उपकरणहरुको प्रवन्ध तथा संभार सम्बन्धी कार्य ,
- महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु ।

| २. | **कानूनी परामर्श शाखा** |
|---|---|

यस शाखाले देहायअनुसारका कार्यहरु गर्नेछ ।

- विभागको लागि कानूनी बिषयमा राय तथा सल्लाह,
- सम्पत्ति शुद्धीकरण सम्बन्धि मुद्दाको अनुसन्धान तहकिकातमा सहयोग,
- तोकिएको मुद्दाहरुमा अनुसन्धान सम्बन्धी कार्य,
- अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको बयान तथा वकपत्र, अनुसन्धान, तहकिकात समाप्ति पश्चात् राय तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा मुद्दा चल्ने नचल्ने निर्णयको लागि पठाउने सन्दर्भमा राय दिने,
- अभियोग पत्र तयारी तथा मुद्दा दायर/अभियोजन सम्बन्धी कार्य,
- अदालतमा विभागको तर्फाट वहस, पैरवी तथा प्रतिरक्षा र अन्य पुनरावेलन र प्रतिरक्षा गर्ने कार्यको संयोजन,
- ऐन र नियम, विनियम, कार्यविधि, रणनीतिहरुको मस्यौदा तयारी, तथा रिट निवेदन तथा फिराद दावी गर्ने कार्य, मुद्दाहरुको लिखित जवाफ तथा प्रतिउत्तर पत्र तयार गर्ने कार्य,
- ऐन तथा नियमहरुको व्याख्या गर्ने र देखिन आएका कानूनी समस्याहरुको समाधान तर्फआवश्यक राय सुझाव र निर्देशन कार्य,
- फैसला कार्यान्वयनको अनुगमन तथा अन्तराष्ट्रिय सन्धि सम्झौताका बारेमा राय दिने कार्य,
- सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धान कार्यमा सहयोग गर्ने, गराउने कार्य,
- महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु ।

## मुद्दा तयारी इकाई

यस इकाईले कानून परामर्श शाखाको प्रत्यक्ष रेखदेखमा रहि देहाय अनुसारका कार्यहरु सम्पादन गर्नेछ ।

- विभागको तर्फबाट अभियोजन हुने मुद्दाहरुको लगत अध्यावधिक गरी राख्ने ।
- सम्बन्धित अदालत वा न्यायिक निकायहरुबाट विभिन्न चरणमा फैसला भएका मुद्दाहरुको विवरण संकलन गरी व्यवस्थित किसिमले मुद्दा दर्ता लगत किताबमा फैसलाको सबै विस्तृत विवरण जनाउने ।
- नेपाल सरकारको तर्फबाट पुनरावेदन गर्नु पर्ने मुद्दाहरुको हकमा सम्बन्धित मिसिल तथा कागजातहरु जिम्मा लिई पुनरावेदन पत्रको मस्यौदा तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरसँग सम्बन्धित मुद्दामा प्रतिपादन भएका सिद्दान्त तथा नजीरहरु संकलन गरी अभिलेखीकरण गर्ने ।
- विभागको तर्फबाट अभियोजन हुने मुद्दामा अभियोग पत्र तयारीका लागि सम्बन्धित अनुसन्धान अधिकृतलाई आवश्यक पर्ने

सहयोग उपलब्ध गराउने ।

- मुद्दा चल्ने वा चल्ने निर्णय भै विशेष सरकारी वकिल कार्यालय/ महान्यायाधिवक्ता कार्यालयबाट प्राप्त भएका मिसिलहरुको संरक्षण एवं संभारको व्यवस्था गरी अभिलेखीकरण गर्ने ।
- अभियोग पत्र लेखन सम्बन्धी कार्यमा महान्यायाधिवक्ता कार्यालयबाट समय समयमा जारी भएका निर्देशन एवं परिपत्रहरु र कार्यविधिगत कुराहरुको जानकारी विभागका अन्य शाखाका अधिकारीहरुलाई गराउने ।
- विशेष सरकारी वकिल कार्यालय तथा महान्यायाधिवक्ता कार्यालयसँग मुद्दाको सम्बन्धमा गर्नु पर्ने सहयोग तथा समन्वयको सम्पर्क विन्दुको रुपमा काम गर्ने ।
- विशेष सरकारी वकिल कार्यालय तथा सम्बन्धित अदालतबाट साक्षी उपस्थित गराउन लेखिआएमा तोकिएको समयमै मुद्दाका साक्षीहरु वा उपस्थित गराउनु पर्ने अन्य व्यक्तिहरुलाई उपस्थित गराउने व्यवस्था मिलाउने ।
- मुद्दा चल्ने वा नचल्ने गरी भएको निर्णयअदालतबाट भएका फैसला एवं प्रतिपादन भएका सिद्दान्त एवं नजिरहरुको वारेमा , समयमै महानिर्देशकलाई जानकारी गराउने ।

| ३. | **प्रहरी शाखा** |
|---|---|

**प्रशासन, नीति, योजना तथा अनुसन्धान महाशाखा**को रेखदेखमा रही यस शाखाले देहायअनुसारका कार्यहरु गर्नेछ ।

- विभागबाट यस शाखाले अनुसन्धान गर्ने गरी तोकिएका उजुरीहरुमा अनुसन्धान अधिकृत भई अनुसन्धान तथा तहकीकात सम्बन्धी कार्य,
- अन्य अनुसन्धान शाखाहरुलाई मागअनुसार सहयोग पुऱ्याउने कार्य,
- शाखाअर्न्तगत भएका अनुसन्धानको प्रगति विवरण अद्यावधिक गर्ने कार्य,
- अनुसन्धान अधिकृतहरुबाट माग भएअनुसार सबुत प्रमाणको खोजी, आरोपितहरु पक्राउ, म्यादथप, खानतलासी र सोधपुछमा सहयोग पुऱ्याउने ,
- प्रहरी शाखाले गर्ने भनी तोकिएका कार्यहरु र आरोपितहरुको सम्पत्ति बरामद तथा जफत सम्बन्धी कार्यमा सहयोग ,
- विभागले तोकेका अन्य कार्यहरु ।

| | **सुरक्षा इकाई** |
|---|---|

यस एकाईले प्रशासन शाखाको मातहतमा रही देहायका कार्यहरु गर्नेछ ।

- सुरक्षा जोखिम व्यवस्थापन सम्बन्धी योजना तथा रणनीति,
- प्रशासन शाखाको समन्वयमा कार्यालय तथा पदाधिकारी, कर्मचारी र अभिलेखहरुको सुरक्षा सम्बन्धी कार्य,
- हिरासत व्यवस्थापन तथा अनुगन गर्ने कार्य,
- थुनवा व्यवस्थापन तथा थुनुवाको स्वास्थ्य उपचारको व्यवस्था,
- अदालती काम कार्यवाहिको शिलशिलामा थनुवाको आवश्यक सुरक्षा व्यवस्थापन,
- विभागबाट तोकिएका अन्य कार्यहरु ।

| ५. | **नीति, योजना तथा अनुगमन शाखा** |
|---|---|

**प्रशासन, नीति, योजना तथा अनुसन्धान महाशाखा**को रेखदेखमा यस शाखाले देहायअनुसारका कार्यहरु गर्नेछ ।

- सम्पत्ति शुद्धीकरण अनुसन्धान सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति, रणनीति, योजना, कार्यक्रमको तर्जुमा, परिमार्जन, कार्यान्वयन र समीक्षा सम्बन्धी कार्य,
- आवधिक र बार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- पारस्परिक मूल्याङ्कन (Mutual Evaluation) तथा राष्ट्रिय स्वःमूल्याङ्कन सम्बन्धी कार्य,

- वित्तीय कार्यवाही कार्यदल (FATF) को सुझावअनुसार गराउनु पर्ने अध्ययन कार्य,
- यस शाखालाई तोकिएको अनुसन्धान सम्बन्धी कार्य र अन्य शाखाहरुको काममा सहजीकरण गर्ने कार्य,
- नीति योजना सम्बन्धमा अन्तर निकाय (जस्तैः वित्तीय कार्यवाही कार्यदल, एशिया प्रशान्त समूह (APG), नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाई, केन्द्रीय अनुसन्धान व्यूरो तथा अन्य सम्बद्ध सरकारी र दुई पक्षीय तथा बहु पक्षीय निकायहरु) सँग समन्वय,
- संस्थागत तथा कर्मचारीको क्षमता विकास (अनुसन्धान सम्बन्धी समेत) सम्बन्धी कार्य,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रवर्द्धनात्मक कार्य,
- चेतना अभिबृद्धि सम्बन्धी गोष्ठी, अन्तरक्रिया सञ्चालन सम्बन्धी कार्य,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान र विकास सम्बन्धी  अध्ययन कार्य,
- अन्तर निकाय तथा अन्तर देशीय दुई पक्षीय सूचना आदान प्रदान सम्बन्धी सहमती पत्रको तयारी,
- महानिर्देशक तथा महाशाखा प्रमुखबाट तोकिएका अन्य कार्यहरु ।

| ६. | **अनुसन्धान शाखा (१-६)** |
|---|---|

विभागको संगठन तालिकामा उल्लिखित अनुसन्धान शाखा नं. १ देखि ६ सम्मका शाखाहरुबाट सम्पत्ति शुद्धीकरण निवारण ऐनमा उल्लिखित कसूरहरुको अनुसन्धान गर्न महानिर्देशकबाट तोकिई शाखामा  आएका मुद्दाहरुको उप-महानिर्देशकको रेखदेखमा रही सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान कार्यविधिलाई अवलम्बन गरी अनुसन्धान तथा तहकिकात गर्ने र अन्य कार्य विवरण देहायबमोजिम रहेको छ ।

- कसूरको आरोप लागेको व्यक्तिलाई आवश्यकताअनुसार गिरफ्तार गरी आवश्यक कारवाही गर्ने ,
- अभियुक्त संग वयान लिने, कसूरको अनुसन्धान तथा तहकिकात गर्दा वा सवुद प्रमाण संकलन गर्दा आवश्यक देखिए जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने ,
- अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानत लिई छाड्ने, धरौटी राख्न वा जमानत दिन नसकेमा अदालतको अनुमति लिई थुनामा राख्न समेत सक्नेछ ,
- अनुसन्धान तथा तहकिकात गर्दा चौबीस घण्टाभन्दा बढि समय लाग्ने भएमा वा कारवाही चलाइएको व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा अनुसन्धान अधिकृतले निजलाई पक्राउ गरी मुद्धा हेर्ने अधिकारीको अनुमति लिई प्रचलित कानूनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने व्यवस्था मिलाउने,
- आवश्यक देखिए सम्पत्ति रोक्का राख्न आदेश दिने ,
- कब्जा गरिएको सम्पत्ति तथा लिखत सुरक्षित राख्ने ,
- संकलित कागजात, प्रमाण र वयानको विश्लेषण गर्ने ,
- अनुसन्धान तथा तहकिकात कार्य सम्पन्न गरी विभाग समक्ष प्रतिवेदन पेश गर्ने ,
- महानिर्देशकबाट स्वीकृत भएका प्रतिवेदन मुद्दा दायर गर्ने  निर्णयका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा रायको लागि पठाउने ,
- जिल्ला सरकारी वकिल कार्यालयबाट निर्णय भई आएकोमा मुद्दा चल्नेको हकमा अभियोजनपत्र तयार गरी विशेष अदालतमा मुद्दा दायर गर्ने ,
- अनुसन्धान जारी रहेका र अनुसन्धान सम्पन्न भैसकेका मिसिल तथा कागजात सुरक्षित राख्ने ,
- महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु ।

| ७. | **सूचना तथा अभिलेख व्यवस्थापन शाखा** |
|---|---|

यस शाखाले प्रशासन शाखाको प्रत्यक्ष रेखदेखमा रहि देहाय अनुसारका कार्यहरु सम्पादन गर्नेछ ।

- विभागबाट सञ्चालन हुने सुशासन सम्बन्धी कार्यहरु,
- सुशासन सम्बन्धी रणनीतिक योजना कार्यान्वयन,
- विभागबाट तामेलीमा राख्ने गरी निर्णय भएका दस्ताबेजहरुको अभिलेखीकरण,
- जफत भएका तथा रोक्का भएका सम्पत्तिहरुको अभिलेखीकरण र प्रतिवेदन
- विभागको पुस्तकालय सञ्चालन,
- विभागबाट प्रकाशन हुने जर्नल तथा बुलेटिनहरुको प्रकाशन सम्बन्धी कार्य र सोको अभिलेखीकरण तथा वितरण,
- विभागको वेभसाईटको परिमार्जन तथा नियमित अद्यावधिक गर्ने कार्य,
- सूचना प्रविधि सम्बन्धी आन्तरिक नेटवर्क सञ्चालन,
- सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सूचना शिक्षा तथा सञ्चार सामाग्रीहरुको तयार,वितरण र समन्वय सम्बन्धी कार्य ,
- महानिर्देशक र महाशाखा प्रमुखले तोकेका अन्य कार्यहरु ।

### २.३.३ विज्ञ समूह

सम्पति शुद्धीकरण अनुसन्धानको कार्यमा विभागमा मौजूदा दरवन्दीका पदहरुबाट सेवा लिन नसकिने पर्याप्त आधार भएमा विभागको संगठन संरचनामा उल्लेख भएअनुसार बाषिर्क रुपमा रोष्टर बनाई चार्टड एकाउण्टेण्ट, सूचना प्रविधि विज्ञ, फोरेन्सिक वैज्ञानिक, सम्पत्ति शुद्धीकरण विज्ञ, वित्तीय क्षेत्रका विज्ञ वा अन्य विज्ञ आवश्यकता अनुसार (बढीमा १० जना) लिने व्यवस्था गरिएको छ । ती विज्ञहरुलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकले एक कार्यविधि बनाई आवश्यताअनुसार अवधि र संख्या तोकी सेवा करारमा लिई परिचालन गर्न सक्नेछ ।

### २.३.४ सूचना सङ्कलन कक्ष

सम्पत्ति शुद्धीकरण सम्बन्धी बिषयमा प्राप्त भएका सूचनाहरुलाई व्यवस्थित गरी विभागका महानिर्देशक समक्ष प्रस्तुत गर्नको लागि एक सूचना संकलन कक्षको व्यवस्था प्रस्ताव गरिएकोछ । उक्त कक्षको कार्यविवरण देहायबमोजिम रहनेछ ।

- विभागसँग सम्वन्धित न्यूज तथा पत्र पत्रिकामा प्रकाशित लेख, सूचना, खवर र रचनाहरुको अभिलेख व्यवस्थापन र वितरण सम्बन्धी कार्य,
- विभागको नाममा सम्बोधन गरी प्राप्त भएका उजुरीहरुको संकलन र वर्गीकरण गरी पेश गर्ने कार्य,
- विभागको वेबसाइट मार्फत प्राप्त भएका सुझाव तथा गुनासोहरुको संकलन गरी वर्गीकरण गरी पेश गर्ने कार्य,
- साझेदार निकायहरुबाट प्राप्त गोप्य सूचनाहरुलाई तोकिएको अधिकारी समक्ष पेश गर्ने कार्य,
- उल्लेख भए अनुसारको सूचनाहरुको वर्गीकरण पश्चात् महत्वपूर्ण सूचनाहरुलाई सूचना प्रविधिका उपकरणको प्रयोगद्वारा अभिलेखीकरण गर्ने कार्य,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

### २.३.५ Intelligence Unit

विभागको अनुसन्धान तथा जाँचबुझ कार्यको प्रभावकारीताको निमित्त सही सूचना प्राप्त गर्न, विश्लेषण गर्न र Under Cover Operation, control delivery जस्ता विशेष अनुसन्धान पद्धतिको अवलम्बन गर्नको लागि विभागको महानिर्देशकको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने Intelligence Unit को कार्य विवरण देहाय बमोजिम रहनेछ ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धीक कसूरसँग सम्बन्धित विषयमा सूचना संकलन गर्ने र कसैले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसुर गरेको, गर्न लागेको वा गरि रहेको कुरा थाहा हुन आएमा त्यस्तो ब्यहोरालाई ऐनको दफा १३ बमोजिम उजुरीको रुपमा दर्ता गर्ने ।
- विभागमा प्राप्त हुने सूचना/उजुरी माथि विभागीय प्रमुखको आदेशानुसार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको संवेदनशीता एवं जोखिमका आधारमा सूचनाको वर्गीकरण र विश्लेषण गरी विभागीय प्रमुखलाई जानकारी गराउने ।
- सम्बद्ध कसूरमा अनुसन्धान गर्ने निकायहरुसँग समन्वय गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको दृष्टिकोणबाट संवेदनशील देखिएका सूचनाहरु विभागमा ल्याई विश्लेषण गरी उजुरी/सूचना दर्ता हुने व्यवस्था मिलाउने ।
- जाँचबुझ एवं अनुसन्धानमा रहेको प्राकृतिक एवं कानूनी व्यक्ति समेतका विरुद्ध गोप्य रुपमा निगरानी बढाई आवश्यकता अनुसार थप सूचनाहरु संकलन गर्ने र जाँचबुझ एवं अनुसन्धानमा उपयोगी हुने प्रकृतिका सूचना जानकारीहरु विश्लेषण गरी विभाग प्रमुख समक्ष पेश गर्ने ।
- आवश्यकता अनुसार कन्ट्रोल डेलिभरी र अन्डरकभर अप्रेसन गर्ने ।
- निगरानीमा राखिएका आरोपीहरुको गोप्यरुपमा विवरण अभिलेख राख्ने र विभागीय प्रमुख समक्ष पेश गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरका सम्बन्धमा भौगोलिक क्षेत्र, पेशा, व्यापार व्यवसाय आदिका आधारमा संवेदनशीलता पहिचान गरी विश्लेषण गर्ने र कसूरको जोखिमका दृष्टिकोणले संवेदनशील सूचनाहरुलाई विभागीय प्रमुख समक्ष पेश गर्ने ।
- कसूरको जाँचबुझ अनुसन्धानका सिलसिलामा विभागीय प्रमुखको आदेशले सम्बन्धित अनुसन्धान जाँचबुझ अधिकृतले मागेको सूचनाहरु संवेदनशीलता र जोखिम समेतको विश्लेषण गरी गोप्यरुपमा उपलब्ध गराउने ।
- गैरवित्तीय पेशाकर्मी सूचक संस्थाहरुबाट गोप्यरुपमा आवश्यकता अनुसार सूचना लिई कसूरको संवेदनशीलताका हिसावले बर्गीकरण गर्ने ।
- मूल्यमा आधारित कारोवार हुने क्षेत्रहरु जस्तो मालपोत कार्यालयहरु जस्ता निकायमा गोप्यरुपमा उपस्थिति बढाई कारोवारमा संलग्न पक्षहरुको वारेमा सूचना संकलन गर्ने ।सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको दृष्टिकोणबाट संवेदनशील सूचनाहरु प्राप्त गरी विभागमा पेश गर्ने ।

## २.३ विभागको मौजुदा जनशक्ति व्यवस्था

### २.३.१ निजामती सेवातर्फको दरवन्दी विवरण

विभागको निजामती सेवा तर्फको स्वीकृत दरबन्दी विवरण देहाय अनुसार रहेको छः

| क्र. स. | पद | श्रेणी | सेवा | समूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा. प. प्र. | प्रशासन | | १ |
| २. | उप-महानिर्देशक | रा. प. प्र. | प्रशासन | | १ |
| ३. | निर्देशक (उप-सचिव) | रा.प. द्वि. | प्रशासन | सा. प्र. | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| **४.** | निर्देशक (उप-सचिव) | रा.प. द्वि. | प्रशासन | राजस्व | ३ |
| **५.** | निर्देशक (सूचना प्रविधि) | रा.प. द्वि. | विविध | - | १ |
| **६.** | उप-न्यायाधिवक्ता | रा.प. द्वि. | न्याय | स. व. | १ |
| **७.** | शाखा अधिकृत | रा. प. तृ. | प्रशासन | सा. प्र. | १२ |
| **८.** | शाखा अधिकृत | रा. प. तृ. | प्रशासन | राजस्व | ३ |
| **९.** | शाखा अधिकृत | रा. प. तृ. | न्याय | स. व. | २ |
| **१०.** | लेखा अधिकृत | रा. प. तृ. | प्रशासन | लेखा | १ |
| **११.** | कम्प्यूटर इन्जिनियर | रा. प. तृ. | विविध | - | १ |
| **१२.** | कम्प्यूटर अपरेटर | रा. प. अनं. प्र. | विविध | विविध | ५ |
| **१३.** | नायव सुब्बा | रा. प. अनं. प्र. | प्रशासन | सा. प्र. | १२ |
| **१४.** | नायव सुब्बा | रा. प. अनं. प्र. | न्याय | स. व. | २ |
| **१५.** | लेखापाल | रा. प. अनं. प्र. | प्रशासन | लेखा | १ |
| **१६.** | खरिदार | रा. प. अनं. द्वि . | प्रशासन | सा. प्र. | १ |
| **१७.** | ह. स. चा. | विहीन | ईन्जि. | मेकानिकल | ५ |
| **१८.** | कार्यालय सहयोगी | विहीन | प्रशासन | सा. प्र. | ११ |
| **जम्मा** | | | | | **६८** |

### २.३.२ नेपाल प्रहरीतर्फका अनुसन्धान कार्यमा खटिने प्रहरी कर्मचारीहरुको स्वीकृत दरबन्दी

| क्र. सं. | पद | श्रेणी | सेवा | कूल दरबन्दी |
|---|---|---|---|---|
| **१९.** | प्रहरी उपरीक्षक | रा. प. द्वित्तीयस्तर | नेपाल प्रहरी | १ |
| **२०.** | प्रहरी नायब उपरीक्षक | रा. प. द्वित्तीयस्तर | नेपाल प्रहरी | १ |
| **२१.** | प्रहरी निरीक्षक | रा.प. तृतीयस्तर | नेपाल प्रहरी | ३ |
| **२२.** | प्रहरी नायब निरीक्षक | रा. प. अनं. प्रथमस्तर | नेपाल प्रहरी | २ |
| **२३.** | प्रहरी सहायक निरीक्षक | रा. प. अनं. द्वित्तीयस्तर | नेपाल प्रहरी | २ |
| जम्मा | | | | ९ |

**टिप्पणीः** विभागमा अनुसन्धान तर्फका उक्त प्रहरी कर्मचारीको दरबन्दी प्रहरी प्रधान कार्यालमा रहनेछ।

### २.३.३ राष्ट्रिय अनुसन्धान विभागतर्फका कर्मचारीको स्वीकृत दरबन्दी

| क्र. सं. | पद | श्रेणी | सेवा | कूल दरबन्दी |
|---|---|---|---|---|
| **२४.** | प्रमुख अनुसन्धान अधिकृत | रा. प. द्वित्तीयस्तर | विशेष | १ |
| **२५.** | अनुसन्धान अधिकृत | रा.प. तृतीयस्तर | विशेष | २ |
| **२६.** | अनुसन्धान सहायक | रा. प. अनं. प्रथमस्तर | विशेष | २ |
| जम्मा | | | | ५ |
| **कूल जम्मा** | | | | **८२** |

**टिप्पणीः** विभागमा अनुसन्धान तर्फका उक्त कर्मचारीको दरबन्दी राष्ट्रिय अनुसन्धान विभागमा रहनेछ।

#### २.३.४ नेपाल प्रहरीतर्फका सुरक्षा इकाईमा खटिने प्रहरी कर्मचारीहरुको व्यवस्था

विभागको सुरक्षार्थ एउटा सुरक्षा इकाईको समेत व्यवस्था गरिएको छ । सो इकाई अन्तरगत प्रहरी प्रधान कार्यालयमा नै दरबन्दी रहने गरी प्रहरी निरीक्षकको नेतृत्वमा एक प्लाटुन प्रहरी अधिकृत तथा अन्य तहका प्रहरी रहने व्यवस्था गरिएको छ।

### २.४ मौजुदा कानूनी तथा नीतिगत व्यवस्था

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ ले मुख्य रुपमा सम्बद्ध कसूरहरु (Predicate Offences) गरी सम्पत्ति आर्जन गरेको विषय र कुनै पनि आतंकवादी क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष गरिएको वित्तीय लगानीको कसूरको निवारणको लागि आवश्यक निवारणात्मक व्यवस्थाहरु (Preventive Measures), नियमनकारी निकायहरुको व्यवस्था, शंकास्पद गतिविधिको सम्बन्धमा सूचना दिने सूचक संस्थाहरूको व्यवस्था, शंकास्पद आर्थिक कारोवारहरूको सूचना संकलन र विश्लेषणका लागि वित्तीय जानकारी इकाई समेतको व्यवस्था समेत गरेको छ। उक्त ऐनले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई आपराधीकरण गरी त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई हुने दण्ड सजायको व्यवस्था पनि गरेको छ। त्यस्ता मुद्दाहरुको अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य गर्नको लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना समेत गरेको छ। नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा विशेष ऐन तथा विशेष व्यवस्था सहित जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ लाई प्रभावकारी ढंगले लागू गर्ने प्रयोजनार्थ सो सँग अन्तर सम्बन्धित भएका अन्य ऐन तथा नियमावली समेत जारी भएका छन। सो को अतिरिक्त सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको प्रयोजनार्थ वित्तीय कार्यवाही कार्यदल (FATF) का ४० वटा मापदण्ड पूरा गर्नका लागि उपयुक्त कानूनको साथ साथै नेपाल सरकारले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी पाँच वर्षे रणनीति तथा कार्य योजना समेत बनाई लागू गरेको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई निवारण गर्ने प्रयोजनार्थ सम्बद्ध कसूरसँग सम्बन्धित प्रचलित नेपाल कानूनका साथै निम्न कानूनी तथा नीतिगत व्यवस्था समेत गरिएको छ।

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४
- सपुर्दगी ऐन, २०७०
- पारस्परिक कानूनी सहायता ऐन, २०७०
- सङ्गठित अपराध निवारण ऐन, २०७०
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०७३
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०
- पारस्परिक कानूनी सहायता नियमावली, २०७०
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना, २०६८-२०७३
- साल वसालीका बार्षिक बजेट तथा नीति।

**परिच्छेद: तीन**

# कार्य तथा प्रगति

## ३.१ आ.व. २०७४।०७५ को उजुरी, अनुसन्धान एवं मुद्दाको विवरण

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण प्रणालीको मूल कार्य अपराध सम्बन्धी अनुसन्धान गरी मुद्दा दायर गर्नु हो। नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागू भएपश्चात, २०६८ सालमा यस विभाग स्थापना हुनुपूर्व राजस्व अनुसन्धान विभागको एक महाशाखाको रुपमा समेत रहि यस विभागले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान कार्य गर्दै आईरहेको छ। यसैक्रममा यस विभागले आर्थिक वर्ष २०७४।७५ मा विभिन्न सरोकारवाला निकायहरु तथा व्यक्तिहरुबाट जम्मा २८१ सुचना/ उजुरीहरु प्राप्त गरेको, जसमध्य १३६ वटा सुचना/ उजुरीहरुमा प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको, ६ वटा सुचना/ उजुरी उपर विस्तृत अनुसन्धान शुरु गरिएको छ भने १३१ वटा सुचना/ उजुरीहरू हाललाई तामेलीमा राखिएको तथा अन्य निकायको क्षेत्राधिकारमा पर्ने देखिएका ३४ वटा सूचना/उजुरीहरु सम्बन्धित निकायमा पठाईएको छ। चालु आर्थिक बर्ष सम्ममा ४ वटा उजुरीउपरको अनुसन्धान समाप्त भई विशेष अदालतमा मुद्दाको रुपमा दायर भएका छन्। यसलाई तलको तालिकामा स्पष्ट पारिएको छः

| विभागमा दर्ता भएका उजुरी | प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएका उजुरी | अनुसन्धानमा लगिएका उजुरी | मुद्दाको रूपमा अदालतमा दायर भएका उजुरी | कारबाही समाप्त भएको उजुरी संख्या | अन्य निकायमा पठाईएका उजुरी |
|---|---|---|---|---|---|
| २८१ | १३६ | ६ | ४ | १७४ | ३४ |

## ३.२ आ.व. २०७४।०७५ सम्मका उजुरी, अनुसन्धान एवं मुद्दाको विवरण

अदालतमा दायर मुद्दा, अदालतले फैसला गरेका मुद्दा र अदालतमा विचाराधीन मुद्दाबाट यस विभागको समग्र काम कारवाहीको मूल्यांकन गर्नु त्यति युक्ति संगत हुने नदेखिए पनि जानकारीको लागि सो को तथ्याङ्क तल तालिकामा देखाइएको छ। यद्यपि अदालतबाट सबैजसो मुद्दामा विभागले दावी गरेको सजाय र दण्ड जरिवानामा सारभूतरुपमा फरक नपर्ने गरी फैसला भएको तथ्य यहाँ उल्लेखनीय छ। यस सन्दर्भमा विभाग गठन हुनु पूर्व र गठन भएपछि भएको मुद्दा दर्ता र मुद्दा दायर भएको अनुपात एवं हालसम्म गरिएको मागदावीको तुलनामा अदालतबाट भएको फैसलालाई लिएर मूल्यांकन गर्दा यी तथ्यले यस विभागलाई आगामी दिनहरूको लागि गतिलो मापदण्डको काम गर्नेछ भन्ने आशा गर्न सकिन्छ।

विभागको स्थापना कालदेखि आ.व. २०७४।०७५ सम्ममा विभिन्न सरोकारवाला निकायहरु तथा व्यक्तिहरुबाट विभागमा प्राप्त जम्मा १५८८ वटा सूचना/ उजुरीहरु मध्ये ८४९ वटा सूचना/उजुरीहरु उपर प्रारम्भिक जाँचबुझको भइरहेको छ भने २०८ वटा सूचना/ उजुरीहरू उपर विस्तृत अनुसन्धान भैरहेको छ। चालु आ.व सम्ममा जम्मा ४८९ वटा सूचना/ उजुरीहरु हाललाई तामेलीमा राखिएको छ भने ७९ वटा उजुरी/सूचनाहरुलाई अन्य निकायमा पठाईएको छ। अनुसन्धानको कार्य समाप्त भई हालसम्म ४२ वटा मुद्दा विशेष अदालतमा दायर गरिएकोमा अदालतबाट ३३ वटा मुद्दाको फैसला भएको जानकारी प्राप्तहुन आएको छ। आ.व. २०७४/७५ सम्मको उजुरी तथा मुद्दाहरुको विवरण तलको तालिका तथा चार्ट मार्फत प्रष्ट गर्न सकिन्छ।

| विभागमा प्राप्त उजुरी | प्रारम्भिक जाँचबुझमा रहेका उजुरी | अनुसन्धानमा रहेका उजुरी | मुद्दाको रूपमा अदालतमा दायर भएका उजुरी | तामेलीमा राखिएका उजुरी | अन्य निकायमा पठाईएका उजुरी | विशेष अदालतबाट फैसला भएका मुद्दा | विभागको मागदावी बमोजिम भएको फैसला (पूर्ण तथा आंशिक समेत) |
|---|---|---|---|---|---|---|---|
| १५८८ | ८४९ | २०८ | ४२ | ४८९ | ७९ | ३३ | २८ |

### ३.३ कसूरको वर्गीकरण

नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको प्रवृत्ति तथा प्रकारको ठोस अध्ययन गर्न बाँकी भए पनि यस विभागबाट अनुभव तथा विश्लेषणका आधारमा कसुरहरुको यथासम्भव वर्गिकरण गरिएको छ। विभागले आफू समक्ष प्राप्त भएका सूचना तथा उजुरीहरूको वर्गिकरणको लागि थप वैज्ञानिक आधारको आवश्यकता प्रष्ट देखिन्छ। APG को क्रमसंख्या १ देखि ५ सम्मको वर्गीकरणका आधारमा मात्र सम्पूर्ण कसूरहरूलाई समेट्न नसकीएको कारण थप शीर्षक राख्नपर्नु, भ्रष्टाचार र अनुचित कार्य बारेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत सम्बद्ध कसूर बाहेकको सम्पत्ति शुद्धीकरण (भ्रष्टाचार र अनुचित कार्य गर्नेहरुको अनुमानित कसूरलगायतको अंश) को तथ्यांक लिई पूर्णता दिन ढिलाई हुनु, सामाजिक/ वातावरणीय लगायतका सबै कसूरहरूको परिभाषाजन्य समस्या रहेकोमात्र नभई विभागमा प्राप्त कतिपय उजुरीहरूमा उजुरीकर्ताले सम्बद्ध कसूरबारेको जानकारी अभावमा आरोपीलाई ठोस र स्पष्ट आरोप लगाउन समस्या हुनु जस्ता कारणले आगामी दिनमा वैज्ञानिक अनुसन्धानको आधारमा कसूरको वर्गीकरणलाई पुष्टि गर्दछ। तथापि APG को वर्गिकरण, यस विभागमा रहेका मिसिलको आधार तथा विगतको अनुभव समेतका आधारमा कसूरहरुको वर्गिकरण गर्ने गरिएको छ।

### ३.४ संचालित कार्यक्रम तथा क्रियाकलापहरु (नीतिगत, सचेतनामुलक, प्रवर्द्धनात्मक एवं क्षमता अभिवृद्धि सम्वन्धी क्रियाकलापहरु)

नेपालमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा ऐनमा व्यवस्था भएका कसूरहरुमा अनुसन्धान गरी कसूरको मात्रा र गाम्भिर्यता अनुसार कसूरदारलाई उचित दण्ड र जरिवाना दाबी गरी मुद्दा दायर गर्ने, सरोकारवालासँग समन्वय गर्ने, अन्तरराष्ट्रिय सहयोग आदान प्रदान गर्ने, आपराधिक आर्जनलाई जफत गर्ने जस्ता अपराध न्यूनिकरणसंग सम्बन्धित कानून कार्यान्वयनको जिम्मेवारी यस विभागलाई छ। विभागको मूल कार्य अनुसन्धान रहेतापनि सो कार्यलाई प्रभावकारी तुल्याउनको निमित्त एकातिर विभागका कर्मचारीहरुको अनुसन्धानसम्बन्धी ज्ञान, सीप तथा क्षमतामा अभिवृद्धि गर्नुपर्ने त छदैछ अर्कोतिर विभिन्न कानुन कार्यान्वयन निकायहरु, सूचक संस्था तथा नियमनकारी निकायहरु, सरोकारवालाहरु तथा आम जनमानसमा समेत सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विषयमा स्पष्ट अवधारणाको विकास गरी यस किसिमको कसूरबाट राष्ट्र तथा समाजमा पर्न जाने नकारात्मक असरको समेत बोध गराई सम्पत्ति शुद्धीकरण निवारणका निमित्त सम्पूर्ण पक्षबाट प्रतिबद्धता प्राप्त गर्नु जरुरी रहेको छ।

विभागले आफूलाई तोकिएको कार्यजिम्मेवारीलाई प्रभावकारी ढंगले पूरा गर्न मद्दत पुग्ने गरी वार्षिक रुपमा नीति तथा कार्यक्रम र तिनको निमित्त सञ्चालन गरिने कार्यक्रम तथा क्रियाकलापहरु तर्जुमा गर्ने तथा तिनको सामयिक तथा पूर्ण कार्यान्वयनमा जोड दिँदै आएको छ। यसै सन्दर्भमा गत आ.व. २०७४/७५ को वार्षिक नीति तथा कार्यक्रमको विवरण तथा सो मा भएको प्रगतिलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| १ | नयाँ रणनीति तर्जुमा तथा जोखिम बिश्लेषण सम्बन्धी कार्य प्राथमिकताकासाथ संचालन गरिनेछ। | रणनीति तयार गर्न सम्पत्ति शुद्धीकरण सम्बन्धी विभिन्न विषय अध्ययन अनुसन्धान गर्ने। | रणनीति तयार गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विभिन्न विषय अध्ययन अनुसन्धानको कार्य भइरहेको। |

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| | • निकायगत छलफल र अन्तरक्रिया गर्ने।<br>• अन्तराष्ट्रिय सन्धि सम्झौताहरु अध्ययन गरि तदनुसार रणनीतिको मस्यौदा तयार गर्न सहयोग पुर्याउने।<br>• जोखिम मूल्यांकन सम्बन्धी अध्ययन गर्ने। | जोखिम मूल्यांकन सम्बन्धी अध्ययन गर्ने। | विभिन्न निकायहरुबाट हुने राष्ट्रिय जोखिम मूल्यांकनमा विभागले आफ्नो भूमिका निर्वाह गर्दै आएको। |
| | | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणसम्बन्धी विविध विषयको अध्ययन गर्ने (दोस्रो चरणको राष्ट्रिय जोखिम मूल्याङ्कन: NRA-II समेत) | सम्मत्ति शुद्धीकरण अनुसन्धान विभाग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , अर्थ मन्त्रालय र राष्ट्र वैङ्क सम्मिलित संयुक्त संयन्त्रको निर्माण भई कार्य अन्तिम चरणमा पुगेको। |

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| २ | पारस्परिक मूल्यांकनलाई सघाउ पुर्याउने गरि विभिन्न क्रियाकलाप प्राथमिकताका साथ संचालन गरिनेछ।<br><br>● स्व:मूल्यांकनका लागि गठित कार्यदल, स्व:मूल्यांकन समिति र उपसमितिहरुलाई क्रियाशिल बनाउने। | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी स्व:मुल्यांकन कार्यक्रम संचालन गर्ने।<br><br>सम्पत्ति शुद्धीकरण निवारण स्व:मूल्यांकन समितिको बैठक/गोष्ठी/अन्तरक्रिया/सेमिनार/अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्ने।<br><br>सम्पत्ति शुद्धीकरण निवारण स्व:मूल्यांकन समिति अन्तर्गतका विभिन्न विषयगत समिति/उप-समितिहरुको बैठक/गोष्ठी/ सेमिनार/अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्ने।<br><br>विषयगत समिति/ उप-समितिहरुका पदाधिकारीहरुको क्षमता विकास गर्ने।<br><br>स्व-मूल्यांकन समिति, उपसमिति तथा विषयगत समितिहरुलाई आवश्यक पर्ने श्रोत साधनहरुको व्यवस्था गर्ने।<br><br>सम्बद्ध निकाय तथा सूचक संस्थासँग आवश्यक सहकार्य गर्ने। | स्वमुल्यांकन कार्यक्रम संचालन भएको छ।<br><br>विभिन्न समयसमयमा संचालन भएको।<br><br>विभिन्न समयमा विषयगत समिति/उपसमितिको बैठक/गोष्ठी/ सेमिनार/अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रमहरु संचालन भएको।<br><br>सम्पत्ति शुद्धीकरण निवारण स्व:मूल्यांकन समिति अन्तर्गतका विभिन्न विषयगत समिति/उप-समितिहरुका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी तालिम संचालन भइरहेको।<br><br>स्व-मूल्यांकन समिति, उपसमिति तथा विषयगत समितिहरुलाई आवश्यक पर्ने श्रोत साधनहरुको व्यवस्था भएको।<br><br>सम्बद्ध निकाय तथा सूचक संस्थासँग आवश्यक सहकार्य गरिएको। |
| ३ | सम्पत्ति शुद्धीकरण निवारणका लागि अनुसन्धानात्मक क्षमता अभिवृद्धि गर्दै लगिने।<br><br>● कर्मचारीलाई वैदेशिक | विभागका पदाधिकारीहरूको अनुसन्धान सीप एवं क्षमता विकाससम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन। | विभागका कर्मचारीको क्षमता विकास गर्ने प्रयोजनार्थ मिति २०७४/०९/२१ गते देखि २०७४/०९/२४ गतेसम्म ४ दिने क्षमता विकास तथा अभिमुखीकरण |

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| | तालिम तथा अध्ययन भ्रमण गराउने।<br><br>● स्वदेशी सम्बद्ध सँस्थासंग अन्तरक्रिया, तालिम तथा गोष्ठीहरु संचालन गर्ने।<br><br>● अनुसन्धानलाई सहयोग पुग्ने गरी एकीकृत सूचना संजालको विकास गर्ने।<br><br>● विभागसँग समझदारी पत्रमा हस्ताक्षर गरेका निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने। | अनुसन्धान अधिकृतका लागि वित्तीय विवरण विश्लेषण सम्बन्धी गोष्ठी सञ्चालन।<br><br>सम्पत्ति शुद्धीकरण सम्बन्धी जोखिम विश्लेषण एवं अन्तर्किया सञ्चालन।<br><br>विभागका पदाधिकारीहरूको अनुसन्धानात्मक क्षमता विकाससम्बन्धी अध्ययन एवं अवलोकन कार्यक्रम सञ्चालन।<br><br>विशेष अनुसन्धान पद्धतिसम्बन्धी गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन।<br><br>विभागका कर्मचारीहरुको सीप विकाससम्बन्धी आन्तरिक अभिमुखीकरण तालिम संचालन।<br><br>विभागसंग समझदारी पत्रमा हस्ताक्षर गरेका निकायसँग अन्तरक्रियात्मक गोष्ठी, तालिम, तथा कार्यशाला संचालन। | कार्यक्रमहरु सञ्चालन गरिएको।<br><br>मिति २०७४/११/०६ देखि २०७४/११/११ गतेसम्म ५ दिने वित्तीय विवरण विश्लेषण सम्बन्धी आधारभूत तालिम सम्पन्न भएको।<br><br>वित्तीय लगानीको जोखिम मूल्याङ्कन सम्वन्धी अध्ययन धनुषा, महोत्तरी, र बारा जिल्लामा सम्पन्न गरिएको।<br><br>नभएको।<br><br>विज्ञताको कारणले गर्न नसकिएको।<br><br>आन्तरिक रुपमा सीप विकास तथा अभिमुखीकरण तालिम संचालन भएको।<br><br>मिति २०७५/०२/२७ र २८ गते विभागसंग समझदारी पत्रमा हस्ताक्षर गरेका निकायका प्रतिनिधिहरुको लागि तालिम संचालन गरिएको छ। |

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| ४ | प्रवर्द्धनात्मक र निरोधात्मक कार्यक्रमहरु संचालन गर्दै लगिने ।<br>• सचेतना अभि अभिवृद्धिका लागि विभिन्न सामग्रीको उत्पादन र प्रसारण गर्ने ।<br>• कानून कार्यान्वयन गर्ने निकायहरु र अनुसन्धान गर्ने अन्य निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>• विभिन्न अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । | छापा (पत्रपत्रिका) माध्यममार्फत प्रचारप्रसार ।<br>सचेतनामूलक श्रव्य-दृश्य सामाग्री उत्पादन ।<br>सचेतनामूलक श्रव्य-दृश्य सामाग्री टेलिभिजन मार्फत प्रसारण ।<br>सचेतनामूलक श्रव्य सामग्री उत्पादन(स्थानीय भाषामा समेत ) ।<br>सचेतनामूलक श्रव्य सामग्री रेडियो/एफएम मार्फत प्रसारण ।<br>सचेतनामूलक प्रचार सामग्री (पर्चा/ पम्प्लेट)उत्पादन तथा वितरण ।<br>सरोकारवालाहरुसँगको अन्तरक्रियात्मक गोष्ठी तथा कार्यशाला संचालन ।<br>साझेदार निकायहरुसँगको अन्तरक्रियात्मक गोष्ठी तथा तालिम तथा कार्यशाला संचालन ।<br>पेशाविदहरुसंगको अन्तरक्रियात्मक गोष्ठी तथा तालिम तथा कार्यशाला संचालन । | १५० पटक पत्रपत्रिका मार्फत प्रचारप्रसार भएको ।<br>१ पटक श्रब्य दृश्य सामग्री उत्पादन भएको ।<br>सचेतनामूलक श्रव्य-दृश्य सामाग्री टेलिभिजन मार्फत ३ पटक प्रसारण भएको ।<br>सचेतनामूलक श्रव्य सामग्री १० रेडियो/एफएम मार्फत ५००० थान प्रसारण भएको ।<br>सरोकारवालाहरुसँगको अन्तरक्रियात्मक गोष्ठी तथा कार्यशाला सप्तरी, सिराहा, महोत्तरी, सप्तरी, रौतहट, बारा लगायतका जिल्लाहरुमा विभिन्न मितिमा संचालन भएको ।<br>साझेदार निकायहरुसँगको अन्तरक्रियात्मक गोष्ठी तथा तालिम तथा कार्यशाला धनुषा, मोरङ्ग, सुनसरी,झापा, गुल्मी, अर्घाखाँची, पाल्पा लगायतका जिल्लाहरुमा विभिन्न मितिमा संचालन भएको ।<br>नभएको । |
| ५ | Digital Documentation प्रणालीको विकास गर्ने ।<br>• विभागका | Digital Documentation को Software Development । | अनुसन्धान सम्बन्धी Software Development भएको तथा कार्यन्वयनमा आएको छ ।<br>अभिलेख तथा निर्णयको वर्गीकरण |

| सि.नं. | नीति र कार्यक्रमको विवरण | सञ्चालन गरिएका कार्यक्रम तथा क्रियाकलापहरू | प्रगति |
|---|---|---|---|
| | अभिलेखहरूलाई Digital Documentation मा रुपान्तरण गर्ने । | अभिलेख तथा निर्णयको वर्गीकरण ।<br><br>सबै अभिलेखलाई Digital Documentation मा रुपान्तरण । | गरिएको छ ।<br><br>अभिलेख तथा निर्णयहरुलाई Digital Documentation मा रुपान्तरण भइरहेको छ । |
| ६ | हुण्डी लगायत विभिन्न माध्यमबाट हुने विदेशी रकम अपचलन नियन्त्रणका लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।<br>• राजस्व अनुसन्धान विभागसंग आवश्यक समन्वय गरि क्रियाकलाप अगाडी बढाउने । | सम्वन्धित निकायसंग आवश्यक परामर्श र छलफल ।<br><br>सूचना आदान प्रदान ।<br><br>आवश्यक समन्वय । | यस विषयसँग सम्बन्धित निकायसंग आवश्यक परामर्श र छलफल भइरहेको छ ।<br><br>नियमित रुपमा सुचनाहरु आदान प्रदान भएको छ ।<br><br>विभिन्न निकायहरुवीच आवश्यक समन्वय भइरहेको छ । |

### ३.६ रोक्का, नियन्त्रण र जफत सम्वन्धी विवरण

अपराधको अनुसन्धान गर्ने क्रममा भएका आरोपित कसूरदारको कसूरबाट प्राप्त आर्जनलाई रोक्का र नियन्त्रण र बरामदी गर्ने र अनुसन्धान कार्य समाप्त भई अदालतमा मुद्दा दायर भई फैसला भएपछि भएको जफत जस्ता तीन परिसूचकहरूले कुनै पनि मुलुकमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीलाई नियन्त्रण गर्न कत्तिको प्रभावकारी कार्य भइरहेछ भन्ने देखाउँछ । यद्यपि जफत अदालतको आदेशले हुने हो तैपनि यसमा विभागको दण्ड सजायँको मागदाबी तथा सो दाबीको पक्षमा प्रतिवेदनमा गरिएको जिकिर तथा संलग्न तथ्य प्रमाणको भूमिका अहम हुने भएकोले त्यसमा विभागको सक्रियता र क्रियाशीलताको भुमिका रहने हुन्छ । आ. व. २०७४/७५ मा विभागबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको कसूरको अनुसन्धान, तहकीकात र अभियोजनको सिलसिलामा रोक्का, नियन्त्रण (बरामद) र अभियोग मागदावी गरिएको सम्पत्तिको विवरण यस बमोजिम रहेको छः

### ३.६.१ बरामद वा नियन्त्रणमा लिईएको सम्पत्ति

**क) बरामद रकम सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | आ.व. २०७३/७४ सम्मको | आ.व. २०७४/७५ को | आ.व. २०७४/७५ सम्मको जम्मा |
|---|---|---|---|---|
| १. | बरामद भएको रकम | २१,५०,५७,८६२ | ३,९२,६१,६३० | २५,४३,१९,४९२ |
| २. | विशेष अदालतको फैसला अनुसार अदालत पठाईएको वा सदर स्याहा गरिएको | १,४०,५७,५२० | ३,४३,७५० | १,४४,०१,२७० |
| ३. | विभाग स्थापना हुनुपूर्व अभियोजन भएका तथा बरामद भई अन्य निकायको जिम्मामा रही जफत हुने फैसला भईसकेको | ८९,२८,४०० | - | ८९,२८,४०० |

**ख) रकम बाहेक बरामद भएका अन्य सम्पत्तिको विवरण**

| क्र.सं. | विवरण | आ.व. २०७३/७४ सम्मको | आ.व. २०७४/७५ को | आ.व. २०७४/७५ सम्मको जम्मा |
|---|---|---|---|---|
| १. | बरामद भएको जिन्सी सामानको विवरण | रु. २१,००,००० मूल्य खुलेको गाडी, कार १ थान, मोटरसाईकल ३ थान, हेल्मेट २ थान, मोबाईल ४ थान, ४७.२१५ ग्राम सुन तथा ६२७४.३४ ग्राम चाँदी, प्लाष्टिकका रौँ जस्तो २९ थान | - | रु. २१,००,००० मूल्य खुलेको गाडी, कार १ थान, मोटरसाईकल ३ थान, हेल्मेट २ थान, मोबाईल ४ थान, ४७.२१५ ग्राम सुन तथा ६२७४.३४ ग्राम चाँदी, प्लाष्टिकका रौँ जस्तो २९ थान |
| २. | विशेष अदालतको फैसलाबाट जफत भएको | रु. २१,००,००० मूल्य खुलेको गाडी, मोटरसाईकल २ थान, हेल्मेट २ थान, ११.६६४ ग्राम सुन तथा ६२७४.३४ ग्राम चाँदी, प्लाष्टिकका रौँ जस्तो २९ थान | - | रु. २१,००,००० मूल्य खुलेको गाडी, मोटरसाईकल २ थान, हेल्मेट २ थान, ११.६६४ ग्राम सुन तथा ६२७४.३४ ग्राम चाँदी, प्लाष्टिकका रौँ जस्तो २९ थान |
| ३. | विशेष अदालतको फैसलाबाट जफत भएको | कार १ थान, मोटरसाईकल १ थान, सुन ३५.५५१ ग्राम, मोबाईल ४ थान | - | कार १ थान, मोटरसाईकल १ थान, सुन ३५.५५१ ग्राम, मोबाईल ४ थान |

**३.६.२ अनुसन्धानको क्रममा रोक्का सम्पत्ति**

**क) मौद्रिक मूल्य खुलेको**

| क्र.सं. | विवरण | आ.व. २०७३/७४ सम्मको | आ.व. २०७४/७५ को | आ.व. २०७४/७५ सम्मको जम्मा |
|---|---|---|---|---|
| १. | बैंक खाता रोक्का | ६,८९,८५,५४२।५० | ५८,६९,४५९।४० | ७,४८,५५,००१।९० |
| २. | घर जग्गा | ३,६५,००० | ५६,००,००० | ५९,६५,००० |
| जम्मा | | ६,९३,५०,५४२।५० | १,१४,६९,४५९।४० | ८,०८,२०,००१।९० |

**३.६.३ जफत सम्पत्ति**

| क्र.सं. | विवरण | आ.व. २०७३/७४ सम्मको | आ.व. २०७४/७५ को | आ.व. २०७४/७५ सम्मको जम्मा |
|---|---|---|---|---|
| १. | विशेष अदालतको फैसलाबाट जफत भएको रकम | ११,९४,२९,६८७।६३ | ३,९२,८५,५८९।८८ | १५,८७,१५,२७७।५१ |
| २. | जफत मध्ये सर्वोच्चको फैसलाबाट फिर्ता भएको रकम | २०,५०,०२० | २१,२७,५८० | ४१,७७,७०० |
| २. | जफत भएका सम्पत्तिको मौद्रिक मूल्य (खुलेकोमा) | २,३१,७१,४५२।८४ | - | २,३१,७१,४५२।८४ |
| ३. | मौद्रिक मूल्य नखुलेका जफत सम्पत्ति | ११.६६४ ग्राम सुन, ६२२४.७४ ग्राम चाँदी, मोटरसाईकल- २ थान, हेल्मेट- १ थान, प्लाष्टिकका रौँ जस्तो २९ थान | | ११.६६४ ग्राम सुन, ६२२४.७४ ग्राम चाँदी, मोटरसाईकल- २ थान, हेल्मेट- १ थान, प्लाष्टिकका रौँ जस्तो २९ थान |

**३.६.४ अभियोग लिईएको बीगो तथा फैसलाबाट भएको जरिवाना**

| क्र.सं. | विवरण | आ.व. २०७३/७४ सम्मको | आ.व. २०७४/७५ को | आ.व. २०७४/७५ सम्मको जम्मा |
|---|---|---|---|---|
| १. | अभियोग पत्रमा कायम भएको बीगो (आ.व. २०७४/७५ को अन्त्यसम्म दायर भएका ४२ वटा मुद्दाको) | १,२६,७१,८०,६९१।९१ | ५८,०२,२३,८११।९ | १,८४,७४,०४,५०३।८१ |
| २. | विशेष अदालतको फैसलाबाट गरिएको जरिवाना (फैसला भएका ३३ मध्ये ३१ | ४१,८९,९२,१२५।९७ | ९,८९,६५,९०९।४५ | ५१,७९,५८,०३५।४२ |

| | | | | |
|---|---|---|---|---|
| | वटा मुद्दाको) | | | |

### ३.७ विभागको वित्तीय तथा भौतिक प्रगतिः

#### ३.७.१ विभागको विनियोजन तर्फको प्रगतिः

प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ मा यस सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका लागि विनियोजित बजेटको खर्च प्रगतिको अवस्था अपेक्षित रुपमा सन्तोषजनक नै देखिन्छ । पूँजीगत खर्च अन्तर्गत फर्निचरमा २५.६ प्रतिशत, सवारी साधनमा ९६.२५ प्रतिशत र सफ्टवेयर निर्माण तथा परामर्शमा ४८.३ प्रतिशत तथा मेसिन औजारमा ६२.६ प्रतिशत खर्च भै समग्रमा ७०.३ प्रतिशत प्रगति हासिल हुनसकेको छ । त्यसैगरी चालु खर्च शीर्षक अन्तर्गत उपभोग अन्तर्गत ६२.८४ प्रतिशतमा उपभोगमा ४१.१ प्रतिशत, कार्य सञ्चालन खर्चमा ७४.३२ प्रतिशत, अन्य सेवा शुल्कमा ८१.५ प्रतिशत खर्च भएतापनि सेवा र परामर्श खर्च, सीप विकास र जनचेतना एवं कार्यक्रम खर्च भने केही न्यून रहेको छ । यस वर्षको बजेट तथा खर्चको विवरणलाई तल उल्लिखित तालिकाबाट समेत प्रष्ट्याइएको छः

(रू. हजारमा)

| | स्वीकृत कार्यक्रम | २०७४/७५ को विनियोजित बजेट | २०७५ असार सम्मको खर्च | वित्तीय प्रगाति प्रतिशत |
|---|---|---|---|---|
| ३०५०२८४ पूँजीगत खर्च | फर्निचर | १३५० | ३४५ | २५.६ |
| | सवारी साधन | १२००० | ११५५० | ९६.२५ |
| | सफ्टवेयर निर्माण तथा परामर्श | १०३०० | ४९७२.६ | ४८.३ |
| | मेशिन औजार | ३१२५ | १९५६ | ६२.६ |
| | **जम्मा** | **२६७७५** | **१८८२३.६** | **७०.३** |
| ३०५०२८३ चालु खर्च | उपभोग | **१०८२५** | **४४४६.५** | **४१.१** |
| | कार्य सञ्चालन खर्च | **५७१८८** | **४२५०१.३** | **७४.३२** |
| | सेवा र परामर्श खर्च | **१७००** | **१८७** | **११.०** |
| | अन्य सेवा शुल्क | **५०२२** | **४०९२.७** | **८१.५** |
| | सीप विकास र जनचेतना | **२८००** | **२५४.५** | **९.१** |
| | कार्यक्रम खर्च | **२२६७५** | **९४८५** | **४१.८३** |
| | **जम्मा** | **१००२१०** | **६०९६७** | **६०.८४** |
| | **कूल जम्मा** | **१२६९८५** | **७९७९०.६** | **६२.८४** |

#### ३.७.२ भौतिक प्रगतिः

- प्रचार प्रसार समेतमा पत्रपत्रिका तथा रेडियोबाट सूचना प्रवाह गरेको, जिल्ला तथा केन्द्रमा आवश्यक्तानुसार गोष्ठी सञ्चालन, अन्तर निकाय सहकार्य छलफल, अभिमुखीकरण कार्यक्रम संचालन, लगायतका कार्य सम्पादन भएको ।
- पूँजीगत तर्फ सोफा सेट- १ सेट, स्टिल दराज -६ थान, फाईल क्याविनेट -१, थान खरिद गरिएको छ ।
- मेशिनरी औजार तर्फ लेजर प्रिन्टर -५ थान, ल्यापटप कम्प्युटर -६ थान, फोटोकपी मेशिन- १ थान, स्टाण्ड फ्यान –८ थान, ई हाजीर मेशिन – २ थान, एयर कन्डिसनर- १ थान, सोलार ब्याट्री- ६ थान, इन्वरटर- १ थान, टि-टेवल- ३ थान खरिद गरिएको छ ।
- सवारी साधन अन्तर्गत मोटरगाडी २ थान खरिद गरिएको छ ।

- यसै वर्षदेखि विभागलाई ICT मैत्री बनाउन नयाँ सफ्टवेयर जडान गरिएको छ र त्यसको निम्ति Back-up Data Recovery System समेत जडान गरिएको छ।

### ३.७.३ राजस्व तथा धरौटी

- यस वर्ष विभागमा सम्पत्ति शुद्धीकरण सम्वन्धी मुद्दाको क्रममा विभिन्न मितिमा आरोपित विभिन्न व्यक्तिहरुबाट जम्मा गरिएको धरौटी रू. ४,१४,८१,६५५ तथा गत आ.व. बाट जिम्मेवारी सरी आएको रु. १२,१५,४५,०३५।११ गरी रु. १६,३०,२६,६९०।११ रहेको रु. १,६८,०४,०२४।०० धरौटी फिर्ता भई ने.बै.लि. गावाहाल, ललितपुरको धरौटी खाता नं. ०१८००५१००१६५८६ मा रु.१४,६२,२२,६६६।११ बाँकी रहेको छ।
- प्रस्तुत आ.व. मा अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ३,६५,०००/- क१-६ बेरुजु दाखिलाबाट रु. २०१५९८/- तथा न्यायिक दण्ड जरिवानाबाट रू. ३,४३,७५०। समेत गरि जम्मा रू. ९,१०,३४८।– राजस्व आम्दानी ने. बै. लि. गावाहल, ललितपुरको राजस्व खाता नं. ०१८०१०००००००००१४००० मा दाखिला भएको छ।

## ३.८ विभागबाट यस वर्ष भएका विभिन्न प्रकाशनहरु

- आ. व. ०७३/०७४ वार्षिक प्रगति प्रतिवेदन , २०० प्रति।
- सम्पत्ति पत्रिका छैठौं शंस्करण ), ५०० प्रति।
- सूचना पम्प्लेट, ५८५० थान।
- विभागको आन्तरिक निर्देशिका,२५० थान।

## परिच्छेदः चार

# समस्या, चुनौती र अवसर

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग मिति २०७४/११/११ को नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ । वि.स. २०६८ सालमा अर्थ मन्त्रालय अन्तर्गत छुट्टै विभागको स्थापनासँगै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी कसूरको अनुसन्धान गरी त्यस्ता क्रियाकलापहरुका विरुद्ध कानूनी कारवाही अगाडि बढाउने निकायको परिपूर्ति भएको छ । जसको फलस्वरुप विभिन्न अपराधिक क्रियाकलापहरु गरी अवैध रुपमा सम्पत्ति आर्जन गर्ने तथा त्यस्ता आर्जनको स्रोत र स्वरुप बदली गैर कानूनी आर्जनलाई शुद्धीकरण गर्ने क्रियाकलापहरु निवारण गर्न विभाग प्रयत्नशील रहेको छ । स्थापनाको छोटो अवधिमा नै विभागले निम्न बमोजिमका कार्यहरु सम्पादन गरी आफुलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्दै आएको छ ।

क. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं विभागको कार्य सञ्चालनका निम्ति आवश्यक नीतिगत तथा कानूनी आधारहरु तयार भएका छन । यसमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा दोस्रो संशोधन भई विभागको भूमिका, काम, कर्तव्य र अधिकार क्षेत्र थप स्पष्ट भएको छ । ऐनको दोस्रो संशोधन अनुकुलन हुने गरी नयाँ नियमावली जारी भईसकेको छ ।

ख. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०६८-०७३) लागू भई समयावधि सकिएको छ । नयाँ रणनीति तथा कार्ययोजना तयार भईनसकेको अवस्थामा यसै बमोजिम विभागले आफ्नो जिम्मेवारी पुरा गर्दै आएको छ । साथै, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नयाँ रणनीति तथा कार्ययोजना बनाउने काम अगाडि बढेको छ र विभागले उक्त कार्यमा आफ्नो भूमिका सक्रियपूर्वक निर्वाह गरिरहेको ।

ग. वित्तीय कारवाही कार्यदल (FATF) का ४० वटा सिफारिशहरु, बैंकिङ्, वीमा, धितोपत्र सम्बन्धी क्षेत्रगत अन्तर्राष्ट्रिय निकायहरुले प्रतिपादन गरेका मापदण्डको पालना एवं एशिया प्रशान्त क्षेत्र समूह (APG) ले नेपालको पारस्परिक मूल्यांकनको क्रममा औंल्याइएका कमजोरीहरुमध्ये विभागको तर्फबाट गर्नु पर्ने सुधारका कार्यहरु समेत भैरहेका छन् ।

घ. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको फैलँदो दायरा (Regime) लाई नियन्त्रण गर्न सक्षम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण पूरा गरी विभागको मौजुदा संगठन संरचनामा परिवर्तन गरिएको छ । नवीन संगठन संरचना अनुरुप जनशक्ति थप गर्ने कार्य भइरहेको छ ।

ङ. विभागको कार्य सञ्चालनलाई व्यवस्थित बनाउनका लागि अनुसन्धान सम्बन्धी प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान दिग्दर्शन, २०७४ तयार गरी लागु गरिएको छ । यसबाट अनुसन्धान कार्यमा एकरुपता एवं व्यावसायिकता अभिवृद्धि भएको छ ।

च. सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित ऐन नियमहरूको संग्रह र सम्पत्ति पत्रिका, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जानकारी मुलक ब्रोशियर तथा बुकलेटको प्रकाशन तथा FATF का Recommendations (नेपाली अनुवाद समेत) र FATF को Methodology को पुनर्मुद्रण गरी प्रकाशन गरिएकोले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा जानकारी लिन चाहनेलाई थप अध्ययन सामग्रीको सहज उपलब्धता भएको छ ।

छ. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको कसूरका बारेमा नेपाल राष्ट्र बैंकमा अवस्थित वित्तीय जानकारी इकाई, नेपाल प्रहरी, सरोकारवाला निकायहरु र सर्वसाधारण जनता समेतबाट सूचना तथा उजुरीहरु विभागमा प्राप्त भएका छन् । यसबाट अनुसन्धान कार्यलाई अगाडि बढाई ठोस निष्कर्षमा पुऱ्याउनमा सहयोग पुगेको छ ।

ज. विभागको पहलमा देशभरका विभिन्न स्थानमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी कानूनी प्रावधानहरुका बारेमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुबाट सम्बन्धित साझेदार निकायहरू, विभिन्न पेशाविद् तथा अन्य सरोकारवाला निकायहरु र सर्वसाधाणलाई लक्षित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विरूद्धमा सचेतना अभिवृद्धि कार्यक्रमहरू संचालन गरिएका छन् ।

झ. विभिन्न पत्र पत्रिका लगायतका छापा माध्यम मार्फत सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी जनचेतनामूलक विभिन्न सूचनाहरू नियमित रूपमा प्रकाशित भइरहेका छन् ।

ञ. काठमाण्डौ उपत्यका भित्रका विभिन्न वाणिज्य बैंकका शाखाहरू र मालपोत कार्यालयहरूमा सर्वसाधारण तथा सरोकारवालाहरूले देख्ने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी जनचेतनामुलक सूचनाहरूको फ्लेक्स प्रिण्ट डिस्प्ले बोर्ड राखिएका छन्।

ट. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा विभागमार्फत विभिन्न एफ. एम. रेडियो तथा टेलिभिजन च्यानल मार्फत जानकारीमुलक श्रव्य तथा श्रव्य- दृश्य सामग्रीका सूचना तथा विज्ञापनहरू प्रसारण भइरहेका छन्।

ठ. विभागले नेपाल टेलिकमको नेटवर्कका पोष्टपेड र प्रि-पेड गरी करिव नौ लाख मोबाईल फोनमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विरूद्ध सचेतनामूलक संक्षिप्त सन्देश(SMS) प्रवाह गरेको छ।

ड. विभागबाट उपचारात्मक एवं दण्डात्मक कार्य अन्तर्गत विभिन्न कसूरहरुको अनुसन्धान कार्य सम्पन्न गरी विशेष अदालतमा अभियोजन पत्र दायर भएका छन। दायर भएकामध्ये अधिकांश मुद्धाहरुमा विभागले अभियोग पत्रमा लिएको मागदावी बमोजिम नै फैसला भएको छ।

### ४.१ समस्याहरु

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको आपराधिक सञ्जाल सीमाविहिन र असीमित दायरामा फैलिएको हुनाले यसको नियन्त्रण एवं निवारण गर्नु आफैंमा एउटा जटील कार्य हो। यसका निमित्त विभिन्न नीतिगत, कानूनी एवं संरचनागत प्रयास भएतापनि तिनको प्रभावकारी कार्यान्वयन पक्ष भने केही कमजोर छ। यसै सन्दर्भमा विभागले आफ्नो कार्यसम्पादनका क्रममा झेल्नु परेका समस्याहरुलाई निम्न वमोजिम प्रस्तुत गर्न सकिन्छ।

क. वित्तीय कारवाही कार्यदल (FATF) का ४० वटा सिफारिशहरु, बैंकिङ्, वीमा, धितोपत्र सम्बन्धी क्षेत्रगत अन्तर्राष्ट्रिय निकायहरुले प्रतिपादन गरेका मापदण्डको परिपालना तथा एशिया प्रशान्त क्षेत्र समूह (APG) ले नेपालको पारस्परिक मूल्यांकनको क्रममा औंल्याइएका कमजोरीहरु सुधार गरी आगामी सन् २०२०-२१ मा हुने पारस्परिक मूल्याङ्कनका लागि गर्नु पर्ने सुधारका बाँकी कार्य र नेपालको कार्यक्षमताको अभिवृद्धिका प्रयासहरुलाई अपेक्षित गति दिन सकिएको छैन।

ख. विभागको संगठन संरचना अनुसारको जनशक्तिको पूर्ण रुपमा आपूर्ति तथा व्यवस्थापन हुन नसक्दा विभागले गर्ने कार्यसम्पादनमा पर्याप्त गतिशीलता आउन सकेको छैन।

ग. राष्ट्रिय साझेदार, सरोकारवाला निकायहरु एवं अन्तर्राष्ट्रिय साझेदार निकायहरुसँग आपसी समन्वय र साझेदारी निर्माण गरी अनुसन्धान कार्य अघि बढाउने तर्फ अपेक्षित सफलता भएका छन्।

घ. विभागको काम कारवाहीको जानकारी एवं सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी स्पष्ट र पूर्ण जानकारी आम नागरिकसमक्ष पुऱ्याउन अझै धेरै मेहनत गर्नु पर्ने देखिएको छ।

### ४.२ चुनौतीहरू

माथि उल्लेख गरिए अनुसार यस विभागका सबल पक्ष एवं समस्याहरुका साथसाथै केही विशिष्ट चुनौतिहरु समेत विद्यमान देखिन्छन्, जसलाई देहाय अनुसार उल्लेख गरिएको छः

क. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०६८-०७३) अनुसारका पूरा नभएका प्रतिवद्धताहरु पूरा गर्ने।

ख. वित्तीय कारवाही कार्यदलले तोकेका ४० वटा सिफारिशहरु बमोजिम आफ्नो कार्य अघि बढाउने।

ग. FATF/APG बाट सन् २०२०-२०२१ मा हुने पारस्परिक मूल्यांकनका दृष्टिकोणबाट विभागको कार्यसम्पादन स्तर प्रभावकारी बनाउने।

घ. सबल कानूनी संरचनाको निर्माण र प्रभावकारी परिपालना एवं कार्यान्वयन गराउने।

ङ. सम्वद्ध निकायहरुबीच सूचना सञ्जालको विकास र उपयोग गर्ने।

च. सम्वद्ध जनशक्तिको व्यावसायिक दक्षता तथा क्षमता अभिवृद्धि गर्ने।

छ. दक्ष जनशक्तिको प्राप्ति र स्थायित्व।

ज. विज्ञ समूहको रोष्टर बनाई तिनीहरुको उपयोग गर्ने वातावरण तयार गर्ने।

झ. सम्पत्ति शुद्धीकरण ऐन नियमहरुसँग बाझिएका अन्य कानूनहरुको अध्ययन गरी संशोधनका लागि आवश्यक कार्य गर्ने ।
ञ. विभिन्न देशका AML/CFT Regime मा विभागको कार्यसँग सम्बन्धित कार्य गर्ने समकक्षी निकायहरुसँग MOU गरी अन्तर्राष्ट्रिय समन्वय अभिवृद्धि गर्ने ।
ट. वित्तीय कारवाही कार्यदलले औंल्याएका कमीकमजोरीहरुलाई सम्बोधन गर्ने गरी सुधारका प्रयासहरु अगाडि वढाउने ।
ठ. विभागले गरिरहेको जाँचबुझ/अनुसन्धानको कार्यलाई Automation मा लैजाने उद्देश्यसहित विकास गरी उपयोगमा ल्याईएको सफ्टवेयरको प्रभावकारी उपयोग गर्नु र विभागको जनशक्तिको सोही अनुसार क्षमता विकास गर्नु।

**४.३ अवसर**

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी कसूरहरुमा अनुसन्धान गरी आवश्यक कानूनी कारवाही अगाडि बढाउने निकायको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग रहनु आफैमा एउटा अवसर हो । यसले एकातर्फ अन्तर्राष्ट्रिय जगतमा नेपालमा पनि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी कानूनी एवं संरचनागत निकायको अभावलाई परिपूर्ति गरि दिएको छ भने अर्को तर्फ कानूनको परिपालना, स्वस्थ अर्थ संरचनाको निर्माणका साथै दण्डहिनताको अन्त्य गरी सुशासन बहालीमा सघाउ पुऱ्याउने सुनौलो अवसर समेत प्राप्त भएको छ, अन्य अवसरहरुलाई निम्न वमोजिम अध्ययन गर्न सकिन्छः

क. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा कार्यान्वयनमा रहेका ऐन, कानुनहरु सामयिक रुपमा आवश्यक संशोधन हुँदैछन् जसले गर्दा ति कानुनको कार्यान्वयनमा आएका जटिलताहरु हट्दै जाने अवस्था देखिन्छ।
ख. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०६८-०७३) को अवधि सकिएको सन्दर्भमा नयाँ रणनीति तथा कार्ययोजना तर्जुमाको कार्य अघि बढिरहेको तथा सो मा विभागको प्रभावकारिता अभिवृद्धिका निमित्त कार्यान्वयनयोग्य रणनीतिहरु निर्माण गरी अघि बढ्ने अवसर प्राप्त भएको छ।
ग. संयुक्त राष्ट्र संघको लागु औषध नियन्त्रण, आतङ्कवादमा वित्तीय लगानी निवारण, भ्रष्टाचार निवारण, सङ्गठित अपराध नियन्त्रण र सार्क क्षेत्रीय स्तरमा समेत लागु औषध तथा आतङ्कवाद नियन्त्रणसम्बन्धी क्षेत्रीय महासन्धिहरुको नेपाल पक्ष राष्ट्र बनेको छ । यसका प्रावधानहरुबाट स्वस्थ र सवल अर्थतन्त्रको निर्माणका साथै कानूनी शासनको प्रत्याभूति दिलाउने विषयमा अपेक्षित लाभ हासिल गर्नका लागि अनुकुल वातावरणको सिर्जना हुन पुगेको छ ।
घ. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको फैलँदो दायरा (Regime) लाई नियन्त्रण गर्न सक्षम हुने गरी विभागको संगठन संरचनामा परिवर्तन गरिएको छ । यसलाई ठूलो अवसरका रुपमा लिई कार्य सम्पादनमा गुणात्मक सुधार गर्न आवश्यक छ ।
ङ. विभागको कार्य सम्पादस्तरमा सुधार ल्याउनका लागि तयार गरिएका अनुसन्धान सम्बन्धी प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान दिग्दर्शन जस्ता अनुसन्धान कार्यमा सहजता ल्याउने औजारहरुलाई पनि अवसरका रुपमा स्वीकार गरी अनुसन्धान कार्यलाई व्यवसायिक बनाउदै एकरुपता कायम गर्नु पर्ने देखिन्छ ।
च. नेपाल राष्ट्र बैंकमा अवस्थित वित्तीय जानकारी इकाई, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो, महान्यायाधिवक्ताको कार्यालय, विशेष अदालत जस्ता निकायहरुसँगको समन्वय र सहकार्यमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने साझा महाअभियानमा जुट्ने अवसर प्राप्त भएको छ ।
छ. देशका विभिन्न स्थानमा सम्पन्न गरिएका प्रवर्द्धनात्मक एवं सचेतनामूलक कार्यक्रमहरुबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी कानूनी प्रावधानहरुका बारेमा साझेदार निकायहरू, विभिन्न पेशाविद् तथा अन्य सरोकारवाला निकायहरु र सर्वसाधरणमा सचेतना अभिवृद्धि गर्ने अवसर प्राप्त भएको छ ।
ज. विभिन्न पत्र पत्रिका लागायतका छापा तथा विद्युतिय माध्यम मार्फत नियमित रूपमा प्रकाशित तथा प्रसारित जनचेतनामुलक विभिन्न पाठ्य एवं श्रब्य तथा श्रब्य- दृश्य सामग्रीका सूचना तथा विज्ञापनहरूबाट पनि विभिन्न सरोकारवाला तथा अन्य सर्वसाधारण समेतमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विरूद्धमा सचेतना अभिवृद्धि गर्ने अवसर प्राप्त भएको छ ।

झ. मोबाइल तथा इन्टरनेटजन्य प्रविधिको विकासले विभागले गर्नुपर्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विरूद्ध विभिन्न सरोकारवाला तथा अन्य सर्वसाधारण समेतमा प्रवाह गर्नुपर्ने सचेतनामूलक कार्यक्रमहरुमा सहजताको अवसर प्राप्त भएको छ ।

ञ. विभागको पहलमा काठमाण्डौ उपत्यका भित्रका विभिन्न वाणिज्य बैंकहरूका शाखाहरू र मालपोत कार्यालयहरूमा सर्वसाधारण तथा सरोकारवालाहरूले देख्ने गरी राखिएका जनचेतनामुलक सूचनाहरूको फ्लेक्स प्रिण्ट डिस्प्ले बोर्ड जस्ता सामग्रीहरूबाट विभिन्न सरोकारवाला तथा अन्य सर्वसाधारण समेतमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी विरूद्धमा सचेतना अभिवृद्धि गर्ने अवसर प्राप्त भएको छ ।

ट. विभागबाट उपचारात्मक एवं दण्डात्मक कार्य अन्तर्गत विभिन्न कसूरहरुको अनुसन्धान कार्य सम्पन्न गरी विशेष अदालतमा अभियोजन पत्र दायर भएका छन । दायर भएकामध्ये अधिकांश मुद्धाहरुमा विभागले अभियोग पत्रमा लिएको मागदावी बमोजिम नै फैसला भएको सन्दर्भबाट विभागको अनुसन्धान कार्यलाई अझ प्रभावकारी बनाउँदै लैजानको लागि विभागको जनशक्तिमा मनोबल अभिवृद्धि हुन जाने देखिन्छ ।

## परिच्छेद: पाँच

# रणनीतिक कार्ययोजना एवं भावी कार्यदिशा

### ५.१ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना

नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर निवारण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली २०७३ जारी गरिएका छन् । विद्यमान फौजदारी कानूनले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरका अधिकांश सम्बद्ध कसूरहरुलाई सम्बोधन गरिसकेको अवस्था छ । उल्लिखित कसूरहरुको अनुसन्धान, अभियोजन तथा न्याय निरुपणको लागि उपयुक्त संरचनाहरुको व्यवस्था समेत विद्यमान रहेका छन । तथापि फौजदारी न्याय प्रशासनलाई थप प्रभावकारी बनाउँदै जाने राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय दाईत्वो  समेतको सन्दर्भमा नेपाल र समसामयिक विश्वको स्वभाविक चासोको रुपमा रहेको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी अपराधको प्रभावकारी निवारणका लागि विद्यमान मुलुकको राष्ट्रिय क्षमता थप सुदृढ गर्नु आवश्यक हुन्छ । साथै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीको निवारणसम्बन्धी नेपालको पारस्पारिक मूल्याङ्कन समेत सम्पन्न भएको छ । यसै सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय क्षमतालाई थप सुदृढ गर्दै उल्लिखित मूल्याङ्कनबाट औल्याइएका कमी कमजोरीहरुलाई समेत सम्बोधन गर्न यो पञ्चवर्षिय **"राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६८-२०७३"** को अवधि समाप्त भएपनि अर्को रणनीति तथा कार्ययोजना तयार नहुन्जेल यसै बमोजिम अगाडि बढ्नुपर्ने सन्दर्भमा उक्त रणनीतिक कार्ययोजनामा निर्दिष्ट विभागीय अविभारालाई पूरा गर्न विभागको तर्फबाट समेत कार्ययोजना कार्यान्वियन कार्यतालिका समेत तयार भई कार्यान्वियनमा रहेको छ ।

विभागबाट तयार गरिएको कार्ययोजना कार्यान्वियनमा समाविष्ट प्रमुख व्यवस्थाहरु देहाय अनुसार रहेका छन ।

- समन्वय समिति, कार्यान्वियन समिति र उपसमितिहरुको कार्यविधि बनाउने ।
- अन्तर निकाय सम्बन्ध विस्तार गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीसम्बन्धी कसूरको प्रभावकारी अनुसन्धानको लागि संयुक्त रुपमा अनुसन्धान गर्ने संयन्त्रको व्यवस्था गर्ने ।
- कसूरको अनुसन्धान गर्ने निकायहरुको सक्षमता अभिवृद्धि गर्ने ।
- अनुसन्धानात्मक दक्षता र क्षमता अभिवृद्धि गर्ने ।
- जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम संचालन गर्ने ।

### ५.२ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजनामा उल्लेखित संस्थागत व्यवस्था

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना, २०६८-२०७३ को कार्यान्वियनलाई सहज किसिमबाट सम्पादन गर्न विभिन्न संस्थागत व्यवस्था गरिएको छ । यस सम्वन्धी प्रमुख व्यवस्थाहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ ।

- समन्वय समिति, कार्यान्वियन समिति र उपसमितिहरुको कार्यविधि बनाउने ।
- अन्तर निकाय सम्बन्ध विस्तार गर्ने ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीसम्बन्धी कसूरको प्रभावकारी अनुसन्धानको लागि संयुक्त रुपमा अनुसन्धान गर्ने संयन्त्रको व्यवस्था गर्ने ।
- कसूरको अनुसन्धान गर्ने निकायहरुको सक्षमता अभिवृद्धि गर्ने ।
- अनुसन्धानात्मक दक्षता र क्षमता अभिवृद्धि गर्ने ।
- जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम संचालन गर्ने ।

**५.२.१ राष्ट्रिय समन्वय समिति***

| | | |
|---|---|---|
| (क) | सचिव, अर्थ मन्त्रालय. | संयोजक |
| (ख) | सचिव, कानून तथा न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (घ) | सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (च) | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (छ) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ज) | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| (झ) | प्रमुख, वित्तीय जानकारी इकाई | सचिव |

- **५.२.२ कार्यान्वयन समिति***

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | संयोजक |
| (ख) | प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| (ग) | प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल | सदस्य |
| (घ) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ङ) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) | सहसचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (छ) | सहसचिव, गृह मन्त्रालय | सदस्य |
| (ज) | सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (झ) | सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सदस्य |
| (ञ) | महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सदस्य |
| (ट) | महानिर्देशक, आन्तरिक राजश्व विभाग | सदस्य |
| (ठ) | महानिर्देशक, राजस्व अनुसन्धान विभाग | सदस्य |
| (ड) | रजिष्ट्रार, सहकारी विभाग | सदस्य |
| (ढ) | महानिर्देशक, भन्सार विभाग | सदस्य |
| (ण) | कार्यकारी निर्देशक, बैंक सुपरीवेक्षण विभाग, नेपाल राष्ट बैंक | सदस्य |
| (त) | कार्यकारी निर्देशक, बीमा समिति | सदस्य |
| (थ) | निर्देशक, वित्तिय जानकारी इकाई | सदस्य |
| (द) | निर्देशक, नेपाल धितोपत्र बोर्ड | सदस्य |
| (ध) | उपसचिव, अर्थ मन्त्रालय | सदस्य सचिव |

- **५.२.३ कानूनी उपसमिति***

| | | |
|---|---|---|
| (क) | सहसचिव, कानून तथा न्याय मन्त्रालय संयोजक | |
| (ख) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, परराष्ट्र मन्त्रालय | सदस्य |
| (ङ) | प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (च) | प्रतिनिधि, नेपाल नेपाल प्रहरी | सदस्य |
| (छ) | प्रतिनिधि, वित्तिय जानकारी इकाई | सदस्य |

- **५.२.४ सुपरीवेक्षण उपसमिति***

| | | |
|---|---|---|
| (क) | निर्देशक, वित्तिय जानकारी इकाई | संयोजक |
| (ख) | प्रतिनिधि, सहकारी विभाग | सदस्य |
| (ग) | प्रतिनिधि, भूमिसुधार तथा व्यवस्थापन विभाग | सदस्य |

| | | |
|---|---|---|
| (घ) | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय | सदस्य |
| (ङ) | प्रतिनिधिहरु, सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक | सदस्य |
| (च) | प्रतिनिधि, नेपाल वीमा समिति | सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल धितोपत्र वोर्ड | सदस्य |

- **५.२.५ अनुसन्धान उपसमिति***

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | संयोजक |
| (ख) | प्रतिनिधि, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सदस्य |
| (ग) | प्रतिनिधि, राजस्व अनुसन्धान विभाग | सदस्य |
| (घ) | प्रतिनिधि, भन्सार विभाग | सदस्य |
| (ङ) | प्रतिनिधि, आन्तरिक राजश्व विभाग | सदस्य |
| (च) | प्रतिनिधि, अध्यागमन विभाग | सदस्य |
| (छ) | प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (ज) | प्रतिनिधि, नेपाल नेपाल प्रहरी | सदस्य |
| (झ) | प्रतिनिधि, वित्तिय जानकारी इकाई | सदस्य |

- **५.२.६. अन्तर्राष्ट्रिय सहयोग उपसमिति***

| | | |
|---|---|---|
| (क) | सहसचिव, गृह मन्त्रालय | संयोजक |
| (ख) | प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, परराष्ट्र मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल प्रहरी | सदस्य |
| (ङ) | प्रतिनिधि, सशस्त्र प्रहरी बल | सदस्य |
| (च) | प्रतिनिधि, वित्तीय जानकारी इकाई | सदस्य |

- **५.२.७. प्राविधिक उपसमिति***

| | | |
|---|---|---|
| (क) | सहसचिव, अर्थ मन्त्रालय | संयोजक |
| (ख) | प्रतिनिधि, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल प्रहरी | सदस्य |
| (ङ) | प्रतिनिधि, वित्तीय जानकारी इकाई | सदस्य |

## ५.३ भावी कार्यदिशा

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने सन्दर्भमा कानून कार्यान्वयन गर्ने प्रमुख निकायका रुपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको भूमिकालाई अझ प्रभावकारी बनाउन देहाय अनुसारको भावी कार्यदिशा अवलम्वन गर्न आवश्यक ठानिएको छ ।

- सवल कानूनी र संरचनागत विकास, परिमार्जन एवं प्रभावकारी कार्यान्वयन गर्ने,
- निर्देशिका एवं कार्यविधिहरु तयार गरी लागू गर्ने र कार्यप्रक्रिया सरलीकरण गर्ने,
- वित्तीय कारवाही कार्यदल (FATF) का सिफारिसहरूको परिपालना गर्ने,
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणसम्बन्धी नयाँ निर्माण हुन लागेको रणनीति तथा कार्ययोजनाको कार्यान्वयन गर्ने,
- सन् २०२०-२०२१ मा हुने पारस्परिक मूल्याङ्कन(Mutual Evaluation)को पूर्व तयारीका लागि भएको राष्ट्रिय स्वमूल्याङ्कनबाट प्राप्त स्वमुल्यांकन प्रतिवेदनले औल्याएका विभागले गर्नुपर्ने कार्यक्रमहरू संचालन गर्ने,
- साझेदारबीच प्रभावकारी समन्वय, सहयोग तथा सहकार्यको पहल गर्ने,

- सूचना संकलन, प्रशोधन, भण्डारण र विश्लेषण गर्ने प्रणाली विकास, संस्थागत क्षमता र अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने,
- सचेतनामूलक एवं प्रचारप्रसार सम्बन्धी प्रवर्धनात्मक कार्यलाई व्यापक रुपमा अगाडि बढाउने,
- कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना नभएसम्मको लागि उक्त विभागको कार्यसम्पादन गर्न आवश्यक व्यवस्था मिलाउने,
- आफ्नै भवनको लागि पहल गर्ने,
- वित्तीय कारवाही कार्यदलका ४० वटा सिफारिसहरुको परिपालना गर्ने गराउने र नेपालको स्थलगत वितगमा भएको पारस्परिक मूल्यांकनबाट औँल्याइएका कमीकमजोरीहरुलाई सुधार गर्ने,
- विभागको विद्यमान संगठन संरचनालाई अनुसन्धान प्रभावी हुने गरी कार्यमूलक बनाउने र अनुसन्धान बाहेकका सचेतनामूलक, प्रचारात्मक लगायतका कार्यहरुमा समेत पर्याप्त ध्यान दिने,
- सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय समुदाय, साझेदार निकाय एवं संस्थाहरुसँग आवश्यक समन्वय गरी आपसी हित र सहयोगका विषयमा पारस्परिक समझदारी कायम गरी सहयोग आदान प्रदान गर्ने,
- सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी अपराधका क्षेत्रमा उपयोग गरिएका नवीन शैली एवं पद्धतिलाई पत्ता लगाउन सक्ने किसिमले विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- विभागमा कार्यरत कर्मचारीहरुको विषयसँग सम्वन्धित ज्ञान, सक्षमता, सीप, शैली, कौशल र व्यावसायिकता अभिवृद्धि गरी कुशल, दक्ष एवं अनुसन्धान क्षमता भएका जनशक्ति विकास गर्ने ,
- कर्मचारीहरुमा उच्च आत्मसम्मान एवं मनोवल कायम राखी काम प्रति उत्प्रेरित गराउन कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने ,
- कर्मचारीहरुलाई सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी क्षमता विकासका निम्ति स्वदेशी तथा विदेशी तालिम, प्रशिक्षणको व्यवस्था गर्ने र ती अवसरहरुको न्यायोचित वितरणको व्यवस्था मिलाउने,
- स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुको पदपपूर्ति हुने व्यवस्था मिलाउने र सबै कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउने ,
- आर्थिक एवं वित्तीय अपराधका तौर तरीकाहरुमा आएको परिवर्तन र प्रविधिमा आएको विकासका कारणले पनि विभागमा अनुसन्धान कार्यका लागि आवश्यक विज्ञ/विशेषज्ञ सेवा करारमा लिई अनुसन्धान कार्यलाई थप प्रभावकारी र नतिजामुखी बनाउने तर्फ ध्यान दिने ,
- विभागले अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने किसिमको सूचना प्रणालीको विकास गरी सो प्रणालीमार्फत सूचना संकलन, विश्लेषण, प्रशोधन र उपयोग गर्ने र वित्तीय जानकारी इकाइ, अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागहरु, गृह मन्त्रालय लगायत अन्य सरकारी निकाय, निजी क्षेत्र र सरोकारवाला निकायहरुबाट नियमित रुपमा सूचना प्राप्त गर्ने उपयुक्त सूचना सञ्जालको विकास गर्ने,
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापममा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा नेपालमा अन्तर्राष्ट्रिय /क्षेत्रीय स्तरमा गरेको प्रतिवद्धता, सो बाट सिर्जना भएको दायित्व, राष्ट्रिय संवैधानिक, कानुनी तथा न्यायिक व्यवस्था समेतको बारेमा विस्तृत अध्ययन गर्ने ।

**अनुसूची-१**

**विभागको दरबन्दी तथा पदपूर्तिको अवस्था**

| क्रस . | पद | श्रेणी | सेवा | समूह | कुल दरवन्दी | पदपूर्ति | रिक्त | अन्य निकायमा काज खटिएको | अन्य निकायबाट काजमा आएको कामकाज गर्न / तोकिएको | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निजामती सेवा तर्फ | | | | | | | | | | | |
| १ | महानिर्देशक | रा.प्र.प. | प्रशासन | - | १ | १ | | | | | |
| २ | उप महानिर्देशक | रा.प्र.प. | प्रशासन | - | १ | ० | १ | | | | |
| ३ | निर्देशक(उपसचिव) | रा.द्वि.प. | प्रशासन | सा.प्र. | ५ | ४ | १ | | | | |
| ४ | निर्देशक(उपसचिव) | रा.द्वि.प. | प्रशासन | राजश्व | ३ | ३ | | | | | |
| ५ | निर्देशक (सूचना प्रविधि | | | | १ | ० | १ | | | | |
| ६ | उपन्यायाधिवक्ता | रा.द्वि.प. | न्याय | स.व. | १ | ० | १ | | | | |
| ७ | शाखा अधिकृत | रा.तृ.प. | प्रशासन | सा.प्र. | १२ | १२ | | १ | | | पदपूर्ति मध्ये १ जना निलम्वनमा |
| ८ | शाखा अधिकृत | रा.तृ.प. | प्रशासन | राजश्व | ३ | ३ | | | | | |
| ९ | शाखा अधिकृत | रा.तृ.प. | न्याय | स.व. | २ | २ | | | | | |
| १० | लेखा अधिकृत | रा.तृ.प. | प्रशासन | लेखा | १ | १ | | | | | |
| ११ | क.इन्जिनियर | रा.तृ.प. | विविध | - | १ | ० | १ | | | | |
| १२ | नायब सुब्बा | रा.प्र.अनं.प. | प्रशासन | सा.प्र. | १२ | ७ | ५ | | | | |
| १३ | नायब सुब्बा | रा.प्र.अनं.प. | न्याय | स.व. | २ | २ | | | | | |
| १४ | क. अपरेटर | रा.प्र.अनं.प. | विविध | - | ५ | १ | ४ | | | ३ | |
| १५ | लेखापाल | रा.प्र.अनं.प. | प्रशासन | लेखा | १ | १ | | | | | |
| १६ | खरिदार | रा.प.अनं.द्वी | प्रशासन | सा.प्र. | १ | १ | | | | | |
| १७ | ह.स.चा. | श्रेणी विहिन | नेपाल इन्जिनियरिङ | मेकानिकल | ५ | ० | ५ | | | ५ | |
| १८ | कास. | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ११ | ० | ११ | | | ६ | |
| जम्मा | | | | | ६८ | ३८ | ३० | | | १४ | |
| नेपाल प्रहरी तर्फ | | | | | | | | | | | |
| १ | प्रहरी उपरीक्षक | रा.प. द्वि. | नेपाल प्रहरी | | १ | १ | | | | | |
| २ | प्रहरी नायब उपरीक्षक | रा.प. द्वि. | नेपाल प्रहरी | | १ | १ | | | | | |
| ३ | प्रहरी निरीक्षक | रा.प.तृ. | नेपाल प्रहरी | | ३ | २ | | | १ | | |
| ४ | प्रहरी नायब निरीक्षक | रा.प.अनं. प्रथम | नेपाल प्रहरी | | २ | १ | | | | | |
| ५ | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. द्वितीय | नेपाल प्रहरी | | २ | १ | | | १ | | |
| जम्मा | | | | | ९ | ६ | | | २ | | |
| राष्ट्रिय अनुसन्धान विभागतर्फ | | | | | | | | | | | |
| १. | प्रमुख अनुसन्धान अधिकृत | रा.प.द्वि. | विशेष | | १ | ० | १ | | | | |
| २. | अनुसन्धान अधिकृत | रा.प.तृ. | विशेष | | २ | ० | २ | | | | |
| ३. | अनुसन्धान सहायक | रा.प.अनं.प्रथम | विशेष | | २ | ० | २ | | | | |
| जम्मा | | | | | ५ | | ५ | | | | |

## अनुसूची-२

**विभागमा हालसम्म कार्यरत महानिर्देशकहरुको नामावली:**

| क्र.सं. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १. | श्री खुमराज पुञ्जाली | महानिर्देशक | २०६८।०४।१२ | २०६८।०८।११ |
| २. | श्री मुक्तिनारायण पौडेल | महानिर्देशक | २०६८।०८।१४ | २०६९।०१।२५ |
| ३. | श्री राजेन्द्र प्रसाद नेपाल | महानिर्देशक | २०६९।०१।२६ | २०६८।०८।०५ |
| ४. | श्री सूर्य प्रसाद आचार्य | महानिर्देशक | २०६९।०८।०६ | २०७०।०४।०८ |
| ५. | श्री अर्जुन प्रसाद पोखरेल | नि. महानिर्देशक | २०७०।०४।०९ | २०७०।०८।११ |
| ६. | श्री चुडामणि शर्मा | महानिर्देशक | २०७०।०८।१२ | २०७१।०५।२४ |
| ७. | श्री अर्जुन प्रसाद पोखरेल | नि. महानिर्देशक | २०७१।०५।२५ | २०७१।०७।१२ |
| ८. | श्री अर्जुन प्रसाद पोखरेल | विभागीय प्रमुख | २०७१।०७।१३ | २०७१।०९।१५ |
| ९. | श्री केवल प्रसाद भण्डारी | महानिर्देशक | २०७१।०९।२१ | २०७२/१०/०३ |
| १०. | श्री दामोदर रेग्मी | महानिर्देशक | २०७२/१०/०४ | २०७३/०१/२४ |
| ११. | श्री किशोर जङ्ग कार्की | महानिर्देशक | २०७३/०१/२७ | २०७३/०६/१६ |
| १२. | श्री जीवनप्रकाश सिटौला | महानिर्देशक | २०७३।०६।१७ | हालसम्म |

## अनुसूची-३

**विभागमा हाल कार्यरत कर्मचारीहरूको नामावली:**

| क्र. सं. | कर्मचारीको नामथर | पद |
|---|---|---|
| १. | श्री जीवनप्रकाश सिटौला | महानिर्देशक |
| २. | श्री विनोद लामिछाने | निर्देशक |
| ३. | श्री गुरुप्रसाद वाग्ले | उपन्यायाधिवक्ता |
| ४. | श्री तेज प्रकाश प्रसाई | निर्देशक |
| ५. | श्री दिनेश शर्मा | निर्देशक |
| ६. | श्री सुशील प्रसाद आचार्य | निर्देशक |
| ७. | श्री भीमकान्त शर्मा | निर्देशक |
| ८. | श्री कृष्ण बहादुर पल्ली मगर | प्रहरी उपरीक्षक |
| ९. | श्री कृष्णजी अधिकारी | प्रहरी नायब उपरीक्षक |
| १०. | श्री श्याम वहादुर महत | शाखा अधिकृत |
| ११. | श्री श्याम प्रसाद न्यौपाने | शाखा अधिकृत |
| १२. | श्री अशोक कोइराला | शाखा अधिकृत |
| १३. | श्री गोकर्ण पन्थी | शाखा अधिकृत |
| १४. | श्री राम बावु थापा | शाखा अधिकृत |
| १५. | श्री जगन्नाथ दाहाल | शाखा अधिकृत (अन्यत्र काजमा ) |
| १६. | श्री कमल वहादुर बस्नेत | शाखा अधिकृत |
| १७. | श्री सन्तोष पौडेल | शाखा अधिकृत |

| | | |
|---|---|---|
| १८. | श्री दिनेश कुमार रेग्मी | शाखा अधिकृत (सरकारी वकील) |
| १९. | श्री निमा घिमिरे | शाखा अधिकृत (सरकारी वकील) |
| २०. | श्री वीरबल अधिकारी | लेखा अधिकृत |
| २१. | श्री प्रमोद मैनाली | शाखा अधिकृत |
| २२. | श्री ताराकिरण के.सी | शाखा अधिकृत |
| २३. | श्री मोहन प्रसाद ढकाल | शाखा अधिकृत |
| २४. | श्री दानसिंह मडै | प्रहरी निरीक्षक |
| २५. | श्री केशव बहादुर चन्द | प्रहरी निरीक्षक |
| २६. | श्री प्रकाशचन्द्र सापकोटा | नायव सुब्बा |
| २७. | श्री हरि शंकर जोशी | लेखापाल |
| २८. | श्री कविता पौडेल | कम्प्युटर अपरेटर |
| २९. | श्री कृष्ण प्रसाद लाखा | नायव सुब्बा |
| ३०. | श्री अन्जु भट्टराई | नायव सुब्बा |
| ३१. | श्री मेनुका खड्का | नायव सुब्बा |
| ३२. | श्री कृष्ण प्रसाद पंगेनी | नायव सुब्बा |
| ३३. | श्री बच्चुराम रिमाल | नायब सुब्बा |
| ३४. | श्री देव नन्दन यादव | नायव सुब्बा (स.व) |
| ३५. | श्री प्रदिप थापा | प्रहरी नायब उपरीक्षक |
| ३६. | श्री मित्रलाल पन्थी | प्रहरी सहायक निरीक्षक |
| ३७. | श्री गोमा पराजुली | प्रहरी सहायक निरीक्षक |
| ३८. | श्री नरेश बाबु भट्टराई | प्रहरी हवल्दार |
| ३९. | श्री जयराम अधिकारी | प्रहरी हवल्दार |
| ४०. | श्री अनुरुप पाण्डे | प्रहरी हवल्दार |
| ४१. | श्री अनुजा रायमाझी | प्रहरी जवान |
| ४२. | श्री हिक्मत महरा | प्रहरी जवान |
| ४३. | श्री किरणबाबु घर्ती मगर | प्रहरी जवान |
| ४४. | श्री हिरामणि खड्का | प्रहरी जवान |
| ४५. | श्री मदन कुमार खत्री | प्रहरी जवान |
| ४६. | श्री सञ्जीव घिमिरे | प्रहरी जवान |
| ४७. | श्री नवीन कुमार यादव | प्रहरी जवान |
| ४८. | श्री डम्मरध्वज जोशी | प्रहरी जवान |
| ४९. | श्री रामसुधन त्रिपाठी | प्रहरी कार्यालय सहयोगी |
| ५०. | श्री अन्जु थापा | कम्प्युटर अपरेटर |
| ५१. | श्री सुमन भुजेल | कम्प्युटर अपरेटर |
| ५२. | श्री निरज ढुंगाना | कम्प्युटर अपरेटर |
| ५३. | श्री मणिराम खरेल | ह.स.चा. |
| ५४. | श्री साजन थिङ | ह.स.चा. |
| ५५. | श्री रमेश पाण्डे | ह.स.चा. |
| ५६. | श्री राजु कासुला | ह.स.चा. |
| ५७. | श्री प्रेम बहादुर लामिछाने | ह.स.चा. (करार) |
| ५८. | श्री रुपन देवी श्रेष्ठ | का.स. (करार) |

| | | |
|---|---|---|
| ५९. | श्री सन्ध्या घिसिङ | का.स. (करार) |
| ६०. | श्री टोपेन्द्र नाथ दुलाल | का.स. (करार) |
| ६१. | श्री प्रदिप प्र.भट्टराई | का.स. (करार) |
| ६२. | श्री मचाकाजी महर्जन | का.स. (करार) |
| ६३. | श्री रन्जिता न्यौपाने | का.स. (करार) |

## अनुसूची-४

## विभागको मौजुदा संगठन तालिका



## अनुसूची-५

### केही सरोकारवाला निकायहरूको सम्पर्क नम्बर

| क्र. सं. | निकायहरूको नाम | सम्पर्क नं | फ्याक्स नं |
|---|---|---|---|
| १. | वित्तीय जानकारी इकाई , नेपाल राष्ट्र बैंक, वालुवाटार, काठमाण्डौं | ०१-४४१०५१५ | ०१-४४४१०५१ |
| २. | नेपाल प्रहरी, अपराध अनुसन्धान विभाग, प्रहरी प्रधान कार्यालय, नक्साल | ०१-४४२०५४१ | |
| ३. | नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरो, प्रहरी प्रधान कार्यालय, नक्साल | ०१-४४११७७६ | ०१-४४१४३९१ |
| ४. | महान्याधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाण्डौं | ०१-४२१८०९७ | ०१-४२१८०५१ |
| ५. | जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल, काठमाडौं | ०१-४२२०९८० | |
| ६. | विशेष सरकारी वकिल कार्यालय, माईतिघर, काठमाडौं | ०१-४२२७९६५ | |
| ७. | विशेष अदालत,बबरमहल, काठमाण्डौं | ०१-४१२८८३६ | |
| ८. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौं | ०१-४४४०१५१ | ०१-४४१०१२८ |
| ९. | गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं | ०१-४२११२१४ | ०१-४२११२५७ |
| १०. | राजस्व अनुसन्धान विभाग, पुल्चोक, ललितपुर | ०१-५५१००५७ | ०१-५५४२०२३ |
| ११. | भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल, काठमाण्डौं | ०१-४२२००२८ | ०१-४२३०५८५ |
| १२. | आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौं | ०१-४४१५८०२ | - |
| १३. | भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं | ०१-४२५९७९३ | ०१-४२५९८०८ |